दायित्व

(मासिक)

वर्ष ४ | २०४७ पौष | अङ्क १३

सल्लाहकार
डा. मथुरा के. सी.
डा. भोला रिजाल

प्रधान सम्पादक
लक्ष्मी पन्त

कार्यकारी सम्पादक
राम प्रसाद पन्त

रचना सम्पादक
तारा कार्की

विशेष सहयोगी
कृष्ण बहादुर थापा
ठाकुर प्रसाद शर्मा

क्षेत्रीय प्रतिनिधि
पदम प्र. निरौला (पूर्व)
विष्णु प्र. भण्डारी (पश्चिम)

अन्य सहयोगी
गिरिराज पन्त

प्रकाशक
दायित्व परिवार
२१/१५३ डिल्लीबजार
काठमाडौं
फोन ४-१३७३१

मूल्यः-
संस्थागत प्रयोजनका लागि रू. १०।-
सर्वसाधारणको लागि रू. ५।-

पुष्प	उद्यान	माली
भेटवार्ता		
प्रतिभा कसैको बन्धनमा...	१	बासु शशी
समीक्षा/निबन्ध		
आस्थाका आयाम...	६	गोपीकृष्ण शर्मा
भैरवको ठाउको केलाउँदा	१२	सानुराजा श्रेष्ठ 'अनजान'
वैचारिक पृष्ठभूमिमा... ...	४९	महेश रेग्मी
कथा/लघु कथा		
आर्फैमा अल्झिएका... ...	९	खीला तुम्बाहाम्फे
हामी पछुताई रहेछौं	१९	गिरिराज पन्थ
पञ्चायती बैठक	२२	विरक्ति माइला
रिहाई	३०	गोविन्द भण्डारी
स्थिति	३३	रमेशजी सजल
बाबुको गाउँ...	३७	राम प्रसाद पन्त
यात्रा संस्मरण		
कस्ता कस्ता मान्छे !...	२४	दार्सिङवासे माइलो
धर्म/संस्कृति		
हाम्रो परम धर्म के हो ?	१५	ठाकुर शर्मा

कविता/गीत/मुक्तक/गजल

कृष्ण प्रसाद पराजुली ८, बद्री प्रसाद शर्मा ८, लाल गोपाल सुवेदी ११, प्रमोद नेपाल १४, सुनिल पुरी 'सुनित' १७, धीरेन्द्र मल्ल १८, नीलकण्ठ न्यौपाने २१, कृष्ण प्रसाद पन्त २३, हेमराज पाण्डे २३, यदुपन्थ २९, कैलाश भण्डारी २९, सुरेश कसजु २९, अमीर निशाचर ३४, रतन थापा ३४, मुरारी पराजुली ३६, पाण्डवराज ४५, शान्ता गिरी 'क्षितिज' ४५, युवराज 'नयाँघरे' ५२, आदित्य जोशी ५२ ।

मुद्रकः- संकटा प्रेस, ख १-८३ टेबहाल, काठमाडौं-३ ।

सम्पादकीय

✶ वि. सं. २०४७ साल कार्तिक २३ गते घोषित नेपाल अधिराज्यको संविधानले सम्पूर्ण नेपाली जनताहरू सात महीना देखिको अन्योलपूर्ण स्थितिबाट मुक्त भएका छन् । यसबाट नेपाली जनताले गतसाल फागुन ७ गतेदेखि प्रजातन्त्रको लागि लडेको लडाई विजयमा परिणत भएको छ । अनि आन्दोलनको क्रममा वीरगति हुने शहीदहरूको सपना साकार भएको छ ।

卐 प्रजातन्त्र प्राप्तिको लागि नेपाली जनताले वि. सं. १९९७ देखि संघर्ष गर्दै आएका हुन् तर केही असावधानी र अपरिपक्वताले गर्दा तानाशाहीहरूले बेला बेलामा धोका दिंदै गए, नेपाली जनता पूर्ण रूपमा स्वतन्त्र हुन सकेनन् । परिणामस्वरूप नेपालीहरू जनता नभएर एक प्रकारका रैती भै दासताको जीवन बिताउँदै रहे ।

आखिर नेपाली जनता बर्बर तानाशाहीका विरुद्ध एकजुट भै प्रजातन्त्रको युद्धमा सरीक भए, नेपाली जनताको जीत भएरै छाड्यो । २००७ सालको अपूरो प्रजातन्त्रले स्थायीत्व पायो भने २०१७ सालमा प्रजातन्त्रको हत्या गरी जबर्जस्ती लादिएको पञ्चायती तानाशाही व्यवस्थाको दाहसंस्कार हुनुका सार्थ वि. सं. १८२५ देखि स्थापित हुकुमी सत्ताको समेत अन्त भै आदिकालदेखि खोसिएको सार्वभौम सत्ता समेत जनतामा निहीत हुनपुग्यो ।

तर वर्तमान मन्त्रीमण्डल गठन हुँदा गरिएका तीनवटा प्रतीज्ञा मध्ये एक वर्षभित्र आम निर्वाचन गराउने प्रतीज्ञा पूरा हुन बाँकी नै छ । यस बाहेक विगत समयमा प्रशासन यन्त्रमा देखापरेका सामाजिक तथा आर्थिक विसंगतिहरूको अनुसन्धान छानबीन र परीक्षण गरी निस्कर्षमा पुग्नुपरेको छ भने जनआन्दोलन दबाउने क्रममा सक्रिय देखिएको तत्वलाई जनइच्छा मुताबिक उचित दण्ड सजायको व्यवस्था गर्नुपरेको छ । विगत तीस वर्षदेखि पञ्चायती कुसंस्कारले जरो गाडिसकेको हुँदा त्यो अवशेषलाई उखेलेर निर्मूल पारी नफालेसम्म प्रजातान्त्रिक बाटो स्वच्छ हुन सक्तैन । यसतर्फ पनि सरकारले पूरा ध्यान दिनुपर्ने आवश्यकता छ ।

अर्कोतिर समय र परिस्थिति अनुसार जनताको चाहना र मागहरू पनि बढ्दै गैरहेका छन् । यसै परिप्रेक्षमा सरकारले पनि चनाखो भै तद्नुसार कार्यनीतिहरू तय गर्नुपर्ने अवस्था आएको छ । र जनताले पनि स्वतन्त्रताको गलत प्रयोग नगरी सरकारलाई सघाउनुपर्ने बेला आएको छ । हिजोआज प्रजातन्त्रको नाउँमा गैरजिम्मेबार तरिकाबाट पञ्चायती कालमा जस्तो गालीगलौज तोडफोड हुलदङ्गा र मारपीट पनि हुने गरेका छन् । यस तर्फ सरकार अलिकति चनाखो नहुने हो भने दबिएर रहेको अधिनायकवादी शक्ति जुर्मुराएर उठ्नेछ र त्यो विनाशकारी प्रतिगामी शक्तिलाई नियन्त्रण गर्न निकै गाह्रो पर्नेछ । यी कुराहरूलाई हृदयङ्गम गरी सचेत जनता पनि उत्तिकै अनुशासित र मर्यादित भै सच्चा नेपाली नागरिकको दायित्व निर्वाह गर्नुपरेको छ ।

संविधानको चर्चा गर्दा हामीले प्रजातन्त्रको कुरा उठायौं । प्रजातन्त्रमा मौलिक अधिकार सन्निहीत हुन्छ र मौलिक अधिकार अन्तर्गत मानवका विभिन्न हकहरू समाविष्ट हुन्छन् तीं हकहरू मध्ये पत्रकार वा साहित्यिक पत्रकारको लागि नभै नहुने हक हो– छापाखाना र पत्र–पत्रिका सम्बन्धी हक । छापाखाना बन्द गर्न, पत्रिका जप्त र दर्ता खारेज गर्न नपाइने जस्ता हकहरू उक्त संविधानमा परिलक्षित गरिएको हुँदा राज्यको चौथो अंग मानिने पत्रकारिता जगत् पूर्ण मर्यादित र सगठित हुन पुगेको छ भने हाम्रो जस्तो विशुद्ध साहित्यिक पत्रिकाको लागि त झनै खुला संसार साबित हुन पुगेको छ ।

अन्तमा प्रजातान्त्रिक संविधान लागु भएको पुनीत उपलक्ष्यमा– यसै संविधानको माध्यमबाट नेपाल र नेपालीको भाग्योदय होओस् भन्ने शुभेच्छा राख्दै श्री ५ महाराजाधिराज सरकारको ४६ औं शुभ–जन्मोत्सवको अवसरमा मौसूफ सरकारको सुख, सुस्वास्थ्य तथा चिरायुको कामना गर्दछौं । ✶

प्रतिभा कसैको बन्धनमा बस्न सक्तैन ।

–बासु शशी

नाम:– बासु शशी (बासु शशि वैद्य)
जन्म मिति:– वि. सं. १९९४ फागुन पूर्णिमा
जन्म स्थान:– देवपत्तन काठमाडौं
शिक्षा:– बी. एड.
प्रकाशित कृति:– मेरी उषा (गद्य कविता संग्रह)
केही कविता (कविता संग्रह)
बासु शशीका कविता (कविता संग्रह)
पानी गल्दैन (खण्डकाव्य)
तीन नाटक (नाटक संग्रह)
विश्वका श्रेष्ठ कथा (रूपान्तर कथा संग्रह)
एउटा यस्तो फूल चाहिन्छ (कविता संग्रह)
फूल बैलाएपछि (उपन्यास)
बाँसुरीमा नअटाएका धूनहरू (पूर्णाङ्की नाटक)

टेली नाटकहरू:–

उपहार, मान्छेको मूल्य, सुखको खोजिमा, श्रीकृष्ण दर्शन, विर्सन नसकिने मान्छे, तरवार ।

'ताचा प्वाय', 'झुर्मी यंह मनु' (नेवारी नाटक)
सारा मेरा सन्तान (अनुवाद नाटक)
माया (फिचरफिल्म) भविष्यमा आउनेवाला
मान्छेको माया (सिरियल फिल्म)
आफ्नै निर्देशनमा आउनेवाला

पुरस्कार:– १. वसन्त कोकिल (कविता) को लागि लेखनाथ पौड्यालले एउटा प्रतियोगितामा प्रदान गर्नुभएको ।
२. श्री ५ मुमा बडामहारानीको जन्मोत्सवमा कवितामा स्वर्णपदक

अन्य साहित्यिक क्रियाकलाप:–

२०२४ सालतिर काव्यको विकास गर्ने सन्दर्भमा एउटा 'रोदी' नामक साहित्यिक संस्था खोलिएको । जसमा बासुशशी, भूपीसेरचन, मोहन हिमांशु थापा, कुमार नैपाल आदि सम्मिलित थिए । जुन संस्थाले एकै महीनामा ठूलो हलचल मच्चाएको थियो ।

सम्प्रति:– फिल्मकथा लेखन तथा निर्देशन ।

परिचय

पिता श्री भूमिमानन्द वैद्य तथा माता हीतकुमारी वैद्यको कोखबाट काठमाडौंको देवपत्तनमा जन्मी हुर्कनु भएका बासु शशीले ठीक यति सालदेखि साहित्यमा हात हालें भन्न नसके पनि २०१४ सालमा प्रज्ञा प्रतिष्ठान गठन हुँदा आफूले लेख्न थाली सकेको कुरा बताउनु हुन्छ । उहाँकै भनाईमा उहाँको प्रथम कविता 'वसन्त कोकिल' (जुन हरायो) हो, त्यस्तै प्रथम कृति नेवारी नाटक 'ताचा प्वाय' (साँचोको तुप्पो) हो भने उहाँलाई सबभन्दा मनपर्ने रचना 'मान्छेको मूल्य' (एकाङ्की टेली नाटक) हो ।

विभिन्न कुराहरूको विषयमा जानकारी लिने उद्देश्य राखेर हामीले उहाँसँग समय मागेका थियौं । तेस्रो भेटघाटमा उहाँसँग वार्तालाप गर्ने अवसर मिलेको थियो । दोस्रो पटक भेटघाट हुन नसकेको विषयलाई लिएर तेस्रो पटक जाँदा "सर्वप्रथम तपाईहरूसँग म क्षमा माग्छु" भनी विनम्रताको परिचय गराउनु भएको थियो । हामीले बुझेअनुसार उहाँ अति विनम्र हुनुहुन्छ त्यतिनै जोशिला र जुझारू पनि हुनुहुन्छ, अनि अति बोलक्कड हुनुहुन्छ त्यति नै भावुक र सतही पनि हुनुहुन्छ । तीन घण्टासम्म उहाँसँग भएका कुराहरू धतलाग्दा र मननयोग्य छन् । प्रस्तुत छ त्यसको केही सक्षिप्त विवरण:–

यहाँले नामको पछाडि 'शशी' राख्नुमा कुनै रहस्य छ कि ?

बासु शशी– म बाल्यावस्थामा निकै राम्रो थिएँ, राशी पनि कन्या थियो र म रोमाण्टिक प्रवृत्तिको थिएँ । शशी (चन्द्रमा) राम्रो र रोमाण्टिकको प्रतीक हो, म जस्तोसुकै निर्जन बनमा गएपनि आकाशमा शशी भएकोले मैले आफूलाई एक्लो ठान्दिनथें । अर्को कुरा म जात जनाउन मन पराउन्न । किनकि जातमा अहंपना हुन्छ । त्यसैले मलाई मान्छे मान्छे बीचको जाति विभाजन मन पर्दैन । मेरो दाजु (गोविन्द वियोगी) पनि त्यस्तै हुनुहुन्छ– जात जनाउनु हुन्न । मेरो रोमाण्टिकताका अरू केही उदाहरण तपाईलाई बताउँ– मलाई गीताञ्जली पढ्न मन लाग्यो र ल्याएर पढें । पढ्दा पढ्दै मलाई रातभर निद्रा पनि लागेन । मैले एकैरातमा पढेर सकें । ज्यादै राम्रो लाग्यो, फेरि दोहोऱ्याएर पढ्नुजस्तो । अनि मैले यो किताबको पानामा पनि त्यो रस लागेको छ कि भनेर किताबको पानालाई चाटें । म कहिले लेख्दा–लेख्दै टक्क अडिएर पछि फर्कन्छु, अनि दायाँबायाँ हेर्छु– कोही छ कि भनेर । मलाई लाग्छ– जे जति मैले लेखें त्यो वास्तवमा मैले लेखेको होइन, मैले यस्तो लेख्नैं सक्दिन । पछाडि आएर मलाई कुनै शक्तिले लेखाइरहेको हुनुपर्छ– यस्तो छ मेरो रोमाण्टिकता । जुन शशीको प्रभाव हो । अर्को एउटा रोचक घटना छ– मलाई चन्द्रमा निकै मनपर्ने भएकोले मैले बिहा हुनुअघि नै कल्पना गरेको थिएँ कि बिहा गरेपछि सर्वप्रथम छोरी पाउने र नाम राख्ने– लुना । अर्थात् चन्द्रमा । यस्तै छ 'शशी'को कथा ।

यहाँको साहित्ययात्रा कहिलेदेखि शुरू भयो ! प्रेरणा-श्रोत पनि केही छ कि ?

बासु शशी– बाल्यकालदेखि साहित्य प्रति रूचि थियो । मेरा दाजु गोविन्द वियोगीले लेख्नुहुन्थ्यो, म पनि केही लेख्थें । तर संकोच लाग्थ्यो, कसैलाई देखाउन्नथें । प्रेरणा भन्ने चीज नदीको मुहान हो, मुहानमा जति ढुङ्गा लगेर ढाके पनि एक न एक ठाउँबाट फुट्छ नै । प्रेरकतत्व अवश्य हुन्छ तर सबै प्रेरणा मात्र हैन । बालकृष्ण सम, देवकोटाको सान्निध्य र भिक्षु तथा सिद्धिचरणजीका कविता नै प्रेरणाका श्रोत बनेका छन् । स्वामी कृष्णमूर्तिजी पनि अर्को एउटा प्रेरणाश्रोत बन्नुभएको छ । किताब-हरू प्रशस्त पढ्ने र त्यसैमा भिज्न खोज्ने मेरो प्रवृत्ति भएकोले किताब किन्दा किन्दा आर्थिक अवस्था पनि डाँवाडोल पारेको थिएँ । कता कताबाट यो कुरा बालचन्द्रज्यूले थाहा पाएर मलाई भन्नुभएको थियो– "किताब छाप्न सिक्नुपर्छ, अन्यथा जीवन बरबाद हुन्छ ।" यस्ता कुराहरूले मलाई अगाडि बढ्ने हौसला गरेका थिए । साँच्चै भन्ने हो भने सबभन्दा ठूलो प्रेरणाश्रोत त आमालाई मान्नुपर्छ । किनकि वहाँले मेरो रूचिमा कहिल्यै पखाल लगाउनु भएन झन् उत्साह नै बढाइदिनुभयो । त्यतिमात्र हैन राती पनि म संगै बसेर पढ्ने र लेख्ने हौसला दिनुहुन्थ्यो ।

यहाँले आपना कृतिहरूको समुचित कदर भएको ठान्नुहुन्छ कि हुन्न ! अर्थात् तपाईले साहित्य-साधना गरेर कत्तिको आत्मसन्तोष प्राप्त गर्नुभएको छ ?

बासु शशी– हेर्नुस्, गलत प्रश्नको सही उत्तर नै आउँदैन । कृतिहरू अरूले स्वीकार गर्छ वा गर्दैन भनेर लेखेको हैन र प्रचार गर्नको लागि पनि हैन । साहित्य 'स्वान्तः सुखाय' लेखिन्छ । जसको साधना

गर्न ठूलो तपस्या गर्नुपर्छ । मूल्याङ्कन गर्नेले पहिले आफूलाई हेरेर मूल्याङ्कन गर्नुपर्छ ।

यहाँका दौतरी साहित्यकारहरू को को छन् ! विशेष मनपर्ने नेपाली तथा विदेशी साहित्यकारको नाम पनि बताइदिन सक्नुहुन्छ कि ?

बासु शशी– समकालीन साहित्यकारहरू नीर विक्रम प्यासी, दौलत विक्रम विष्ट, कृष्णप्रसाद पराजुली, भूपी शेरचन आदि हुन् । सिद्धिचरण श्रेष्ठको व्यवहारिक सम्पर्क परेको छ । मलाई मनपर्ने विशिष्ठ साहित्यकारहरूमा लेखनाथ पौड्याल, महाकवि देवकोटा र सम हुन् । विदेशी साहित्यकारमा शेक्सपियर विशेष मन पर्छन् ।

यदाकदा प्रगतिशील साहित्यको चर्चा सुन्ने गरिन्छ । साहित्य पनि कुनै प्रगतिशील र अप्रगतिशील हुन्छ ? यहाँको विचार !

बासु शशी– प्रगतिशीलको सम्बन्धमा– साहित्य मात्र हैन जुन कल्याणकारी हुन्छ त्यो प्रगतिशील हुन्छ । मानवताको निम्ति सृजना भएका सबै प्रगतिशील हुन्छन् । खण्डित तुल्याउने साहित्य साहित्य नै हैन । पूर्वाग्रह राखेर प्रगतिशील शब्दको दुरूपयोग गर्नु भएन । साहित्यले सुमार्ग पहिल्याउँछ । जनकल्याणकारी भएमा सबै प्रगतिशील नै हुन्छन् ।

साहित्य वा साहित्यकारको गुण अवगुण जान्नको लागि उसको बारेमा समालोचना गर्नुपर्ने हुन्छ । तर अधिकांश समालोचकहरूले कृतिलाई होइन कि व्यक्तिको अनुहार हेरेर समालोचना गर्ने गरेको गुनासो सुनिन आएको छ । यसबारे यहाँको सहमति वा असहमति के छ ?

बासु शशी– सही मूल्याङ्कनको सीमा हुँदैन । कुनैपनि साहित्यको सही मूल्याङ्कन अन्ततः लुक्न सक्तैन । जति पुरानो साहित्य छ त्यति महत्वपूर्ण भएको छ, अथवा मूल्याङ्कन हुँदै गएको छ । दुःख लाग्ने कुरा के छ भने संस्कृत साहित्य तथा भाषा मृत प्रायः भएको छ । यो नेपाली साहित्यको ठूलो क्षति हो । त्यो भाषा कति महत्वपूर्ण छ त्यसलाई जोगाउन अति आवश्यक भएको छ । साँच्चै भन्ने हो भने यहाँ संस्कृत भाषालाई राष्ट्रभाषा बनाउनुपर्थ्यो । यहाँ कल्याणकारी कुराको मूल्याकनै हुँदैन । उदाहरणको लागि सूर्यको जति वर्ष बित्यो त्यति नयाँ विकास भएको छ, क्षय भएको छैन । सूर्य अक्षय हो । त्यस्तै पशुपतिनाथको महत्व अक्षय छ । साँचो साहित्यको मूल्याङ्कन भयो वा भएन भन्नु व्यर्थ कुरा हुन् ।

आजकल समालोचकले साहित्य वा साहित्यकारको समालोचना गर्नु भन्दा बढी स्वात्मप्रशंशा गर्ने परम्परा बसालेका छन् यो राम्रो तरिका होइन । समालोचकले आफ्नो व्यक्तित्वलाई अगाडि नसारेर कृतिको वास्तविकतालाई औंल्याई दिए भने मात्र साहित्यप्रति न्याय गरेको ठहरिन्छ । त्यस्तो शुद्ध समालोचनाबाट पनि कोही आत्तिन्छ भने आत्तिन दिनोस् केही फरक पर्दैन, कल्याणकारी साहित्य कहिल्यै पनि मासिदैन ।

तपाईले कुन कुन विधामा हात चलाउनुभएको छ ! यहाँको मुख्य विधा या मनपर्ने विधा के होला ?

बासु शशी– मूलतः मेरो विधा काव्य नै हो त्यसको पछि पछि नाटक जान्छ । मैले काव्यमा नाटक र नाटकमा काव्य देख्छु । म त के भन्छु भने आजसम्म जे जति लेखें त्यो मेरो अभ्यास मात्र हो किनकि लेखनकलालाई म अध्ययनको सर्वोत्तम माध्यम

अत्र केही निस्कनेवाला छन् र निस्कन्छन् ती विशेष उल्लेख्य हुनेछन् ।

हामीले बुझेअनुसार यहाँ एक सच्चा प्रजातन्त्रवादी हुनुहुन्छ ! हाम्रो जिज्ञाशा यो छ कि साहित्य साधना बाहेक यहाँ कुनै प्रजातान्त्रिक परिपाटीसँग पनि संबद्ध हुनुहुन्छ कि ?

बासु शशी– मेरो त्यस्तो राजनैतिक नियत केही पनि छैन । म न कम्युनिष्ट हूँ न त कांग्रेस । प्रजातन्त्र यस निम्ति मन पराउँछु । जुन प्राणीमात्रको लागि महत्वपूर्ण हुन्छ त्यो हो– स्वतन्त्रता । स्वतन्त्र भैसकेपछि मान्छेको भावना शुद्ध हुन्छ । जो स्वतन्त्र हुन सक्दैन त्यसले केही गर्न सक्दैन र त्यसको विवेक-शुद्धि हुँदैन । मान्छेमा विवेक भैदिएको भए दुई दुई-वटा विश्वयुद्ध हुने थिएनन् । स्वतन्त्रताको लागि आत्मत्याग गर्नुपर्छ । विश्वमा ठूलो ठूलो बलिदान यसैको निम्ति भएको हो यो कुनै आफ्नो लागि हैन । कति शहीद भए उनमा कुनै स्वार्थ छैन । उनीहरू देश र जनताको निम्ति बलिदान भएका हुन् । तपाई-हरूले देख्नुभयो– महेन्द्रको शालिकमाथि चढ्नेहरूलाई । ती आफ्नो लागि चढेका हैनन् केवल स्वतन्त्रताको लागि । त्यसो नभएको भए एकपछि अर्को गरेर गोली-को शिकार हुने थिएनन् । त्यसैले हामी उनीहरूलाई शहीद भन्छौं । शहीद मालाको सूत्र हो, जसले फूल-रूपी जनतालाई उनेको हुन्छ । संसारमा प्रजातन्त्र जहाँ पनि चाहिन्छ र प्रजातन्त्रको लागि आज संसा-रमा उथलपुथल भएको छ ।

केही समय अघि विवादास्पद रूपमा गठित प्राज्ञ परिषद्मा यहाँको नाम पनि चर्चामा आएको थियो तर पछि समावेश भएको पाइएन । यसबारे केही जान्न सकिन्छ कि ?

बासु शशी– म त्यसमा समावेश हुनु नहुनु गौण कुरा हो । यो प्रतिष्ठान स्थापनाकालदेखि नै षडयन्त्र-मूलक ढंगबाट चल्दै आएको हो र अहिले पनि त्यस-बाट मुक्त हुन सकेन । राजा भनेको हुकुमी शासक हो जसको संरक्षकत्वमा प्रतिष्ठान चलिरहेको छ । हुकुम अन्तर्गत प्रतिभा बस्न सक्तैन । प्रतिभाशाली देवकोटा जस्तालाई त्यसमा राखिएको थियो तर उनलाई त्यसको केही महत्व थिएन । उनी स्वतन्त्र विचरण गर्दथे, बन्धनमा बस्न चाहँदैनथे । प्रतिभा भएको व्यक्तिलाई स्वतन्त्र छोड्नुपर्छ, ऊ कसैको बन्धनमा बस्न सक्दैन । हामी पानी पर्दा छाता ओढ्छौं तर प्रतिभाले छाता ओढ्दैन । त्यसैले मलाई भन्न मन लाग्छ– त्यो यौटा दासहरूको संस्था हो । लेखक भएको नाताले त्यहाँको सदस्य गराइन्छ पछि लेखक-को आत्महत्या नै हुन्छ । अर्थात् त्यो प्रशासनिक षड-यन्त्रमा परेर मर्छ, त्यहाँ गएर लेखनाथ, सोमनाथ जस्ता प्रतिभाको हत्या भयो । त्यहाँ प्राज्ञ भैसकेपछि पनि लेख्ने क्रम नछाडेको व्यक्ति विरलै देख्नुहोला । साहित्य संस्थागत हुँदैन, स्वतन्त्र हुन्छ । त्यस्ता संस्थाको परिधिभित्र साहित्यकार बस्न सक्दैन । त्यसैले म बस्न चाहन्न र बस्दिन पनि ।

हालको प्राज्ञ परिषद्सँग कत्तिको सहमत हुनुहुन्छ । तीनवटा परिषद् गठन गर्नेबारे यहाँको के धारणा छ ?

बासु शशी– व्यक्तिको विषयया म निर्णय दिन्न र अधिकार पनि छैन । स्वतन्त्रताको हनन म गर्न चाहन्न । प्राज्ञहरू स्वतन्त्र हुनुहुन्छ वहाँहरूको निमित्त केही भन्दिन पनि । गठन हुनुभन्दा अघि छलफल हुँदा परिवर्तनको कुरा गर्नेले पछि बिनाशर्त प्रवेश गरे, त्यो प्राज्ञहरूको ठूलो कमजोरी हो र अन्तरिम सर-कारले पनि पुरानै ढर्रालाई अवलम्बन गरेर जो

निर्णय गऱ्यो त्यो सरकारले गरेको ठूलो अपराध हो । जहाँसम्म तीनवटा परिषद् गठन गर्ने कुरा छ त्यो विकसित नेपाल भए त ठिक छ तर कंगाल नेपालको लागि ठिक छैन । म त के भन्छु भने अध्ययन अन्वेषणको लागि संस्कृत साहित्यको पनि अलग्गै प्रतिष्ठान हुनुपर्छ । तर कङ्गाल नेपालले संस्कृत एकेडेमी खडा गर्न सक्ला जस्तो लाग्दैन । हुनत ६० हजार सैनिक पाल्नेले ६० जना प्रतिभालाई पाल्न नसक्ने कुरा म मान्न सक्दिन ।

यहाँको जीवनमा त्यस्तो कुनै उल्लेखनीय घटना घटेको छ कि ? जो विर्सन नसकियोस् !

बासु शशी– अवश्य छ, कवि सिद्धिचरणजीले एकपटक मलाई खाना खानेगरी बिहानै आइज भनेर बोलाउनु भो, म अति खुशी भएँ, सारालाई हल्ला गरें, त्यस्तो ठूलो कविले बोलाएकोले हर्षको सीमा नै रहेन । रात काट्न पनि मुश्किल पऱ्यो मलाई । बिहानै वहाँको घरमा पुगें । उहाँले कोठामा बसेर तम्बाखु तानीरहनु भएको थियो धेरै बेरपछि बस भन्नुभयो । बसें । तर केहीपनि बोल्नुभएन । घण्टौंसम्म बसें, कुरै चलेन । बेला-बेलामा इशारा आउँथ्यो उठेर जानुहुन्थ्यो । एकपटक निस्केर गएको मान्छे करिब २० मिनटपछि आउनु भो । मुख पुछ्दै ओछ्यानको सिरक तान्न थाल्नुभो । मैले कुरा बुझिहालें, म जान्छु भनेर हिड्न खोजें, उहाँले स्वीकृति दिनुभो । म भोकभोकै घर फर्कें । यो यौटा अचम्मको घटना थियो । मलाई लाग्यो– महापुरुषहरू यस्तै हुन्छन्, कुनबेला के भनेको थिएँ भन्ने विर्सन्छन्, आफ्नै संसारमा डुली राखेका हुन्छन्, उनलाई न कसैसँग रीस हुन्छ न राग । सिद्धिचरणजी मलाई धेरै माया गर्नुहुन्थ्यो तर मुडी हुनुहुन्थ्यो । यस्तै अर्को सुखद घटना स्वामी कृष्णामूर्तिसँगको बसाउठी पनि हो ।

वर्तमान नेपाली साहित्यको स्तर कस्तो छ ! नयाँ पुस्ताले देखाएको साहित्यिक गतिविधिसँग कत्तिको सन्तुष्ट हुनुहुन्छ ! र साहित्यको भविष्य कस्तो देख्नुहुन्छ ?

वर्तमान साहित्यको विषयमा मलाई केही भन्ने हक छैन, मैले त्यस्तो अध्ययन गरेको पनि छैन । प्रतिभाशाली लेखक आएका छन्, मैले त भविष्य राम्रो देखेको छु । खाली कुरा के छ भने सिर्जनामा प्राकृतिक कुराहरू परिमार्जित हुँदै जान्छन् तर विज्ञानमा परिवर्तन हुन्छ । सृजनात्मक कुरा मृत हुँदैन परिशीलन भएर जान्छ । जहाँसम्म नयाँ प्रतिभाको कुरा छ त्यो त मुख्य वातावरण पनि हो । आज विज्ञानका विभिन्न साधनहरूले अध्ययनलाई सुलभ बनाएको छ । विभिन्न विद्वान्हरूको समागम पनि अर्को उपलब्धी हो ।

हालको साहित्यिक पत्रकारिताको स्थिति कस्तो छ ! र हाम्रो जस्तो साहित्यिक पत्रिकामा केही सुधार गर्नुपर्ने देख्नुहुन्छ कि ?

संसारमा सुधार गर्नु नपर्ने र परिमार्जन गर्नु नपर्ने त म केही पनि देख्दिन । पत्रिकामा पनि यौटा आइडेण्टिटी हुन्छ । साहित्यको सेवा गर्ने कुरा सानो हुँन । जहाँसम्म तपाईको पत्रिकाको कुरा छ, म त के भन्छु भने अनावश्यक कुरा नछापिदिनुस् । अनावश्यक कुरा पत्रिकामा नराखिदिनुस् । पत्रिका हजारौंले पढ्छन् त्यसमा नराम्रो कुरा छापिदिनु भयो भने नरहत्या गरे सरह नै हुनजान्छ । किनकि उनीहरूको समय व्यर्थ जान्छ, त्यसरी अनावश्यक समय खर्च गरिदिनु भनेको हत्या गर्नु सरह हो । साहित्य सेवाको नाममा कतिपय साहित्यिक पत्रकारहरूले अपराध गरिरहेका छन् । पत्रिका व्यक्तित्व प्रधान हुनुपर्छ । सिर्जनशील र अनुसन्धानमूलक हुनुपर्छ ।

(**वार्ताकार–** ठाकुर शर्मा, राम प्रसाद पन्त)

समीक्षा

आस्थाका आयाम भित्रका कृष्णप्रसाद पराजुली

–गोपीकृष्ण शर्मा

'कृष्ण प्रसाद पराजुली : आस्थाका आयाम' नेपाली साहित्यमा व्यक्तित्व र कृतित्वमा आधारित गहकिलो ग्रन्थ हो । २००७ सालपछिका एक सशक्त साहित्यकार कृष्णप्रसाद पराजुली (जन्म १९९२, काभ्रे) यस ग्रन्थका व्यक्तित्व हुन् । सानैदेखि साहित्यिक गतिविधि र शैक्षिक क्रियाकलापमा चासो राख्ने पराजुलीले आफ्ना गाउँमा विद्यालय तथा पुस्तकालयको स्थापना र काभ्रे जिल्लामा शिक्षाको प्रसारमा निकै महत्वपूर्ण कार्य गरेका थिए । काठमाडौंमा बसेर सामाजिक, साहित्यिक क्रियाकलापमा उनको तीव्रता र समर्पणको भावना अझै जागृत भयो । तत्कालीन रायल नेपाल एकेडेमी, नेपाल राष्ट्रिय विद्यापीठ– काठमाडौं, त्रिभुवन स्मारक समिति आदि संघ–संस्थासँग सम्बद्ध भएर पराजुलीले भाषा र साहित्यको क्षेत्रमा गहकिलो योगदान दिएका छन् । केही समय जुद्धोदय मा.वि., क्षेत्रपाटीमा अध्यापन गरेपछि यता २०३६ सालदेखि हालसम्म नेपाली केन्द्रीय शिक्षण विभाग कीर्तिपुरमा प्राध्यापन गर्दै रहेका पराजुली साधनारत स्रष्टा व्यक्तित्व हुन् । यिनको मूल क्षेत्र गीत र कविता भए पनि कथा, निबन्ध, नेपाली भाषा– व्याकरण तथा समालोचनाका फाँटमा समेत पराजुलीको नाम उल्लेखनीय छ । बालगीत, बालकवितादेखि उच्च प्रौढ कविता समेत दिएर गरेका कृष्णप्रसाद पराजुलीको नेपाली भाषाप्रति विशेष मोह छ । भाषा र साहित्यमा खोज–अनुसन्धान गरेर सारपूर्ण लेख–रचना दिने प्रवृत्ति यिनमा पाइन्छ । भाषिक परिष्कार, अभिव्यक्तिगत तीक्ष्णता र स्पष्टवादिता यिनका शैलीगत विशेषता हुन् । रमाइला नानी, राम्रो रचना मीठो नेपाली, सय थुङ्गा फूल, भाषाको माया तथा पन्ध्र तारा र नेपाली साहित्य आदि दर्जनौं ग्रन्थले यिनलाई परिचित तुल्याएका छन् ।

स्नातकोत्तर शोधपत्र समेत तयार भइसकेको सन्दर्भमा यस सानो लेखले पराजुलीलाई चिन्न खोज्नु सूर्यलाई बत्ती देखाउनुजस्तैकै हो । साहित्यिकहरूको चर्चा र सम्मान गर्ने सन्दर्भमा पराजुलीका स्रष्टा-प्रष्टा व्यक्तित्वभित्र लुकेका अनुकरणीय मूल्यहरूको दिशा निर्देश गर्ने उन्मुक्ततालै जन्मेको प्रस्तुत आस्थाका आयामको प्रकाशन संभवतः नेपाली साहित्यको यस प्रकारको पहिलो नमूना हो ।

यस ग्रन्थले कृष्णप्रसाद पराजुलीको बहुआयामिक व्यक्तित्वका सबै पाटालाई छुने प्रयास गरेको छ । एक व्यक्तिबाट तयार पारिने नेपाली स्नातकोत्तर शोधपत्र भन्दा भिन्न प्रकृति यस ग्रन्थको रहेको छ । त्यो के भने यसमा कवि सिद्धिचरण श्रेष्ठ, इन्द्रबहादुर राई, प्रा. बालकृष्ण पोखरेल, डा. वासुदेव त्रिपाठी, डा.

केशव प्रसाद उपाध्याय लगायत चर्चित विद्वान् र विदुषीहरूका स्रष्टा–द्रष्टा केन्द्रित विभिन्न अभिव्यक्ति संगालिएका छन् । यस ग्रन्थले एकातिर साधक व्यक्तित्वलाई हेर्ने दृष्टिविशेषको विविधताको आस्वाद दिन्छ भने अर्कातिर स्वयं कृष्णप्रसाद पराजुली के हुन् त्यसको मूल्याङ्कन गरेर साहित्यप्रति समर्पित व्यक्तित्वको सम्मान गरेको छ । यति गहन दायित्व पूरा गरेर 'व्यथा' पत्रिका नेपाली साहित्यजगत्मै ठूलो गुन लगाएको छ । यति ठूलो कार्यमा रहेको काम्रेली साहित्यप्रेमीहरूको सहयोग–सहभागीता पनि त्यत्तिकै प्रशंसनीय छ ।

प्रस्तुत ग्रन्थले साहित्यकार कृष्णप्रसाद पराजुलीको लगभग चार दशक लामो साधनायात्रालाई अनुसन्धानात्मक रूपले रेखाङ्कन गर्ने सफलता पाएको छ । जीवनी र व्यक्तित्वका साथै भाषा, बालसाहित्य, व्याकरण, गीत, कविता, कथा, निबन्ध र अनुसन्धानात्मक कृतिका विविध पार्श्वबाट एक व्यक्तिलाई हेर्ने अनि व्यक्तिभित्र निहित अजस्र साधनाको मूल्याङ्कन गर्ने प्रस्तुत ग्रन्थले यस खालका ग्रन्थहरूका लागि आकर्षक नमूना प्रस्तुत गरेको छ ।

ग्रन्थका शुरूमा कवि कृष्णप्रसाद पराजुली 'जीवन यात्रा' शीर्षकमा भन्छन्–

लेकबेसी चहारेर छोपूँ लाग्छ सधैंभरि
दिन्छ झङ्कार छातीले सारङ्गी रेटिंदासरि
माटाको गीत पाएरै तिर्जना सल्बलाउँछ
भुलेर मनको गङ्गा मायामा कल्कलाउँछ ।

यसबाट कविको राष्ट्रप्रेम र समर्पणभावलाई आँक्न सकिन्छ । यस्तै साधनामा जीवन यात्राका उकाली–ओराली हुँदै सफलताको शिखरमा पुगेका कवि कृष्णप्रसाद पराजुली दीर्घतपस्वी हुन् र यही पक्षको विविध दृष्टिबाट अवलोकन गर्ने सारगर्भित ग्रन्थका रूपमा 'कृष्णप्रसाद पराजुली : आस्थाका आयाम' उभिएको छ ।

प्रस्तुत ग्रन्थ डिमाई साइजमा ५०४–२८ पृष्ठसम्म फैलिएको छ । बाक्लो जिल्दबन्दी र आकर्षक आवरण पृष्ठले ग्रन्थ हेर्दैमा लोभलाग्दो छ । पराजुलीका जीवनयात्राका विभिन्न चित्रहरूले पनि ग्रन्थलाई पूर्णता प्रदान गर्न मद्दत पुऱ्याएका छन् । 'व्यथा' प्रकाशनको सक्रियतामा व्यथा साहित्यिक विशेषाङ्क ग्रन्थका रूपमा २०४६ असारमा प्रकाशित प्रस्तुत कृति दीपक प्रेस, वाराणसीबाट मुद्रित भएको हो । व्यक्ति र संस्था गरी ७९ प्रकाशन सहयोगीहरूको सहभागिताबाट देखा परेको यस ग्रन्थका सम्पादक श्रीहरि फयाँल हुन् र कविवर सिद्धिचरण श्रेष्ठ लगायतका साहित्यकर्मीहरूको सल्लाहकारितामा यसको साजसज्जा र संगठन निर्मित भएको छ । पुस्तकको मूल्य रु २००।- सामान्यतया चर्को अनुभव भएपनि ग्रन्थको गरिमा, आकारगत विस्तृति र ग्रन्थमा निहीत सामग्रीले गर्दा त्यति महंगो भनिहाल्न सुहाउँदैन । अन्तमा दैवज्ञराज न्यौपानेको स्वरसँग स्वर मिलाएर म पनि भन्न चाहन्छु–

कलाका पारखी कृष्ण, स्रष्टा साहित्यका धनी
तिम्रो अर्चनको बेला पुकारौं आज के भनी
हो सम्मान तिमीलाई तिमी स्वस्थ बनिरहू
तिमी पूर्ण बनीराख, तिमी पूर्ण बनीरहू ।

–✡–

कविता

उसको गीत गाउँछु

–कृष्ण प्रसाद पराजुली

कसले थाप्यो गोली छातीमा
उसको सुन्दर गीत म गाउँछु

कालो बादल भरिदै थियो
भुइँमा आँशु छरिदै थियो
बादल हटाई दुःख त्यो मेट्न
लामो यात्रा गरिदै थियो

कसले पोत्यो रगत माटोमा
उसको सुन्दर गीत म गाउँछु

लाग्यो घामले च्याइरहे झैं
देख्थें माटो गाइरहे झैं
यौटा गोली थाप्ता हुन्थ्यो
सिङ्गो सूर्य आइरहे झैं

कसले लेख्यो अमर कथा यो
उसको सुन्दर गीत म गाउँछु ।

(२०४६ चैत २४)

हाम्रो देश

–बद्री प्रसाद शर्मा

पहाडका डाँडा राम्रा, तराईको फाँट
अझै यसलाई सिगार्नु छ गरौं हामी आँट

डाँफे–मुनाल गीत गाउँछन्, अनि चौरी चर्छन्
बनैभरि कोइली चरी कुहूकुहू गर्छन्
माहुरीको भुनुनुनु कति मीठो ध्वनि
हृदय नै हाँस्छ यहाँ गीत मीठो सुनी

देशलाई माया गर्नु हाम्रो यौटा धर्म
ठूलो हुन्छ देश सेवा यही हाम्रो कर्म
देखादेखी आँखा गाड्ने हाम्रो ठूलो बैरी
बैरीलाई हटाएर गर्छौं रखबारी

थिचोमिचो सहँदैन अब नेपालीले
छलकपटको बीउ नास्छ हावा हिमालीले
हाम्रै बुद्धि, पौरखले देश राम्रो बन्छ
देश राम्रो भएपछि सबै राम्रो हुन्छ ।

कसैको शीरमा कालो टोपी छ कि छैन भन्ने कुराले कुनै अर्थ राख्दैन, यथार्थमा संस्कृति भनेको मानवको व्यवहार हो ।

–वी. पी. कोइराला

कथा

आफैमा अल्झिएका विवशताहरू

–खीला तुम्वाहाम्फे

धेरै दिनको थकाई मानें आज उषा अफिस नगई घरैमा बसेकी छे । जिन्दगीलाई सुख दुःखको महासागरमा डुबुल्की मार्दै अघि बढाउने क्रममा छे ऊ । हुन त ऊ निम्न मध्यम वर्गीय परिवारमा जन्म लिएर हुर्केकी । पहाडको हरियो वन चिसो हावा पानीसंगै खेली हुलेकी ऊ । हेर्दा उनको चेहरामा कुनै अस्वाभाविकताका रेखाहरू देखिन्न् । आज उसैको जिद्दीवाल स्वभावले काठमाडौं शहरमा आएर क्याम्पस पढ्न सफल भएकी छे ऊ । खाना खाइबरी रूमालले हात पुछ्दै ऊ भान्सा कोठाबाट विश्राम कोठा तर्फ लाग्छे, सानो स्टुलमा बसेर उसले बिना स्वीकृति अफिस नगई घरमा बसेकोमा भोलि हाकिम सामु के के स्पष्टिकरण दिनुपर्ने हो भोलि हुने हाकिमको सम्भावित प्रश्नहरूको उत्तर दिने 'रिहर्सल' गर्न थाल्छे ।– 'सर, ज्वरो आएर आउनै सकिन' अथवा– 'सर, घरायसी काम परेर आउन सकिन' अथवा... कुनै न कुनै बहाना त हुनैपर्‍यो नत्र... हाकिमको सधैंको हाइ ब्लड-प्रेसरले रातो भएको अनुहार सम्झन्छे । सधैं रक्सीले मात्तिए जस्तै राता-राता आँखाहरू सम्झन्छे । भोलि हाकिमले पक्कै हपार्नेछ, कार्यालय नगएकोमा ।

बाहिर मुसलधारे पानी बसिरहेको छ । कोठामा उषा एक्लै बसी रहेकी हुन्छे । भोली हाकिमबाट हुने सम्भावित प्रश्नको उत्तर तयार भएको हुँदैन । भएको कुरा पत्याइँदैन, सत्य हास्यास्पद भैदिन्छ । असत्य बोल्नुपर्छ । बहाना त जे बनाए पनि हुन्छ, तर बहाना भेटिदैन त्यहाँ । छट्पटीले के गरौं कसो गरौं हुन्छ उसलाई । बन्द भाँडा भित्र उम्लिएको पनी झैं भित्र-भित्रै मनको तरंगमा उम्लीरहन्छे ऊ । मुट्ठभरी उकुश मुकुश भएको वेदनाले थकित भै विगतको जीवनलाई केलाउन थाल्छे ।

यतिका वर्ष बिताएर आज पनि पेट धान्ने साधन रोजीरोटी जुटाउन नसकेको सम्झछे । अनि सम्झन्छे– भावनाका कैयन बुंदा केलाउँदा केलाउँदै पनि केही उपलब्धी पाउन नसकेको । यसरी विराना र पटयारिला दिनहरू घडीका सुईसंगै घुमी रहेछन् । 'छोरी तिमीले डाक्टर बन्नुपर्छ'– बुवाको भनाईको सम्झनाले उसको हृदयमा भूकम्प ल्याइदिन्छ तर त्यो केवल शब्द मात्र भयो, उपदेश मात्र भयो, अनि रह्यो– उसको एउटा उच्च इच्छा । अर्थात् माताविहीन उषाले अकस्मात हृदयगति बन्द भै प्राण त्याग गरेका बाबुको मृत शरीरलाई देख्नुपर्‍यो । उषा र दीपक संरक्षक विहीन भए ।

बाबुको इच्छा आफूबाट पूरा हुन नसक्ने देखेपछि जग्गा जमिनलाई बन्धकीमा राखेर केही पैसा जम्मा

गरी भाईको साथ ऊ काठमाडौं आएकी हुन्छे। हुन त पहिले नै उपाले बी. ए. पास गरेकी थिई, अहिले एम. ए. मा पढ्दै गरेकी हुन्छे। अनि भाईको पढाईमा पूर्ण दायित्व निर्वाह गरेकी हुन्छे। जसलाई पढाएर एक होनहार व्यक्ति बनाई बाबुको इच्छा पूरा गर्न सकियोस्। नोकरीको सिलसिलामा ऊ कति ठाउँमा घुमीन होला! अनि को सँग मात्र बोलीन होला! कति मात्र ठाउँमा परीक्षा दिइन होला! तर लिखितमा नाम निस्केता पनि सोर्स नभएकोले अन्तर्वातामा फेल हुनु पर्‍यो! कतिले जागीर लगाईदिन्छु भनी खोको आश्वासन दिए त कतिले उसको बैशालु नयनमा मोहित भएर झुक्याउने प्रयास गरे। यसरी दिन बित्यो, महिना बित्यो, अनि त्यसपछि वर्ष।

एकदिन उपाले बल्लतल्ल सानो जागीर खान पाएर जिउने आधार निकाली। शुरुमा त उसमाथि काम राम्रो भएन भनेर लान्छना लगाइयो तर थोरै समयमा नै लगन र मिहेनतले प्रशंशाकी पात्र हुन पुगी। तर किन हो कुनि नोकरीबाट सन्तुष्ट थिइन ऊ। मासिक आठ–नौ सय तलबबाट बिचरीले के-के गरोस्! घर भाडा, भाडको फीस, अनि दैनिक उपभोगका महंगा सामग्रीहरू। तैपनि हतोत्साही नभै जीवनरूपी गाडीलाई महंगीरूपी गल्डचाङ्ग–गुल्डुङ्ग सडकमा गुडाईरही। यसै बीच हाकिमले एकदिन उसको अनुहारमा मुग्ध भएर दयाको अभयदान दिने प्रस्ताव राख्यो तर उसले हाकिमको भनाईलाई एउटा बलीको वेदी ठानेर अस्वीकृति जनाई। त्यसपछि उसमाथि हाकिमको व्यवहार कठोर हुँदैगयो मानौं जङ्गली जनावरको क्रुर गर्जनजस्तो। तैपनि मजबुरीको नाम महात्मा गान्धी भने झैं बाध्यता र विवशतावश जागीर खाइरही। हाकिमको गाली अनि सधैंको त्यो मारामार एकछिन टिफिन टाइममा कतै बाहिर गयो कि सीट छड्के, नि.से.नि. बमोजिम तपाईलाई कारवाही किन नगर्ने! आदि चेतावनी-पत्र पटक–पटक आउन थाले तर यी अभद्र क्रियाकलापलाई पनि उसले सहेरै बसी।

भोलीपल्ट बिहान उसले हतार-हतारमा खाना खाई र छिटोछिटो पाईला चालेर अफिसतिर लागी। पुर्‍ै बाटोलाई छेक्ने गरी गाडीहरू कुदिरहेका हुन्छन् तर उसले भने प्रकृतिले दिएका दुई खुट्टालाई तीव्र गतिमा चालीरहेकी हुन्छे। यसरी दौडधूप गरेर अफिसको गेटमा ऊ के पुगेकी हुन्छे– एक जनाको मुखबाट पन्ध्र मिनेट ढिलो भएकोले हाजिरकपीमा रातो क्रस लगाई सकिएको कुरा सुन्छे। उपा हैरान भएर कोठामा नै कुर्सीमा थचक्क बस्छे। उसलाई सुझबुझ केही रहँदैन। एकटक सारा जीवनका संघर्षहरूलाई क्यासेटको चक्का घुमे झैं मानसपटलमा सबै दृष्यहरू घुमाउन थाल्छे। उसको अन्तरात्माबाट अनेकौं आवाजहरू प्रत्येक नशा-नशा भएर सर्वाङ्ग ढाकी दिन्छन्। तातो रगतको आवेश संगसंगै उसका हातहरू सर्न थाल्छन्– राजीनामा पत्र लेख्न। केही समय भित्र राजीनामा पत्रलाई हाकिमको टेबुलमाथि राखेर ऊ बाहिरिन्छे। अनि त्यो दूषित र भतभती पोल्ने झूटो स्नेहको छहारीबाट पर-पर हुँदै टाढा... धेरै टाढा पुगेर नदेखिने भैंदिन्छे।

तेह्रथुम

हाल– काठमाडौं

कबिता

'सूर्य निल्न थालेका छौं'

–लालगोपाल बुबेदी

मन यौटी पृथ्वी हुन्
र पनि विभाजित भएकी छन्–
कैयौं सागर/महासागरहरूमा
र विभाजित भएकी छन्– कैयौं देश/महादेशहरूमा
यसैले प्रतिभाको क्षितिजमा
यौटा तन्नेरी सूर्य जन्माउने रहर गरेर पनि
कैयौं पटक मृतमय बनेकी छन् उनी
हो उनी किरणहरूले बिहान ल्याएर पनि
सँधै साँझमा अस्ताएकी छन्
हजारौं पटक उदाएर / हजारौं पटक अस्ताएर
कैयौं सन्तानहरू गर्भमै तुहाएकी छन्
यसर्थ पृथ्वी यौटा मन हुन् र पनि
सबै मनहरू पृथ्वी होइनन्
सबै मनहरू आमा पनि होइनन्
यो कुरा हामीहरूले अझै बुझ्न सकेका छैनौं
हाइड्रोजनका परमाणुहरूलाई
ब्रह्माण्डको रूपमा चित्र सकेका छैनौं
हिजो आज सिङ्गो सूर्य, बाटुलो चन्द्रमा
र उज्ज्वल ताराहरूलाई
क्वार्प्स निल्ने गरेका छौं हामीहरूले
र भर्खरै मात्र फुलेका फूलहरूको
वँस विटुल्याएर / कोपिलाका पत्रहरू च्यातेर
प्लास्टिकका फूलहरू सजाउने तर्खरमा छौं हामीहरू
त्यसैले चट्याङहरूलाई दाहिने हातले तर्काएर
यौटा तेजस्वी सूर्यको विरुद्धमा
न्यूटन, बुद्ध, क्राइष्ट र मिल्टनको विरुद्धमा
साहित्यिक मासिक, द्वैमासिक पत्रिकाहरूलाई
भ्रमका बत्ती बाल्ने अखबारका पानाहरूलाई
कुरुक्षेत्र बनाएर
पटक पटक युद्ध लडिसकेका छौं महाभारतको
त्यति मात्र हैन
हामी घुम्ने मेचका पदासिनहरू
वरिष्ठ भनिएका हामी जल्दा बल्दा साहित्यकारहरू
जगमगाइरहेछौं फूलदानी पङ्खा र हिटरहरूमा
त्यसैले देश/महादेशका पहाडहरूमा उठ्न जानेनौं
सागर/महासागरका पानीहरूले रून जानेनौं
र फगत हृदयमा मरुभूमि भएर बाँचिरहेछौं
तर मन पर्खेर्दै–पर्खेर्दै विभाजित भएकी छन्
सिर्जनशील हातहरूका कलाहरूमा
र कलाका मनहरूमा
र पनि हामी पदासिन साहित्यकारहरूले
आमाका मन र मनका आमाहरूलाई
अपमान गर्दै दिन दिनका सूर्यहरू निलिरहेछौं।

निबन्ध

भैरवको टाउको केलाउँदा

—सानुराजा श्रेष्ठ 'अनजान'

विक्रम सम्वत् १९९३ असोज ५ गतेको विहानी सूर्योदयको साथसाथै एक बालकको यस धर्तीमा पदार्पण भयो। तीर्थनाथ नाम दिएर कर्मकाण्ड सिध्याएपछि उनको बोलाउने नाउँ भैरव भयो। हो, उनै भैरव अर्याल। जसले निम्नस्तरीय परिवारमा जन्मेर पनि बालककालदेखि नै सामाजिक कुरीति एवं विसंगतिहरू माथि विरोध जनाउँथे।

जीवनका अनेकौं कठीन भन्दा कठीन क्षणहरूमा धैर्यताका साथ जीवनयापन गरेर उनले साहित्यिक फाँटहरूतिर कदम बढाए। यसरी नै उनी नेपाल राष्ट्रिय विद्यापीठद्वारा आयोजित साहित्य रत्न परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण भए। साधारण लवाई–खवाई र रहन–सहन भएका भैरवले जीवनमा केही गर्ने उद्देश्यले हास्य-व्यंग्यको क्षेत्रमा कलम चलाई हामी नेपालीहरूको पेट मिचिमिचि हाँस्नुपर्ने गराए। जस अन्तर्गत गलबन्दी, जयभुंडी र काउकुती आदि पर्दछन्। उनको पहिलो कविता संग्रह "उपवन" प्रकाशनमा आएको थियो। लगत्तै लघुकाव्य "राष्ट्रिय आह्वान" पनि छापियो। उनका अन्य रचनामा "प्रवेशिका निबन्ध" र "बिरही राम" लघुकाव्य आदि छन्।

यसरी जस्तै दुःख सुख गरेर बाँच्नु परेता पनि उनले विभिन्न व्यंग्य-प्रधान निबन्ध वा चुट्किलाहरू-बाट हाम्रो मनोरन्जन गराएका छन्। वास्तवमा गरीबीको भुमरीमा पौडंदै समयरूपी कालसँग संघर्ष गर्ने स्वर्गीय भैरव अर्याल महान् कलाकार थिए, छन् र हजारौं वर्षसम्म पनि रहने छन्।

उनी जस्ता सच्चा साहित्यकारलाई छानवीन गर्दै केरकार गर्नु त हामी जस्ता सानातिना बुद्धि भएका-को हैसियत भन्दा परको कुरा हो। तैपनि मैले यहाँ उनको उच्च स्थानमा रहेको अंग "टाउको"को विश्लेषण गर्ने जमर्को मात्र गरेको छु। यसै टाउको-लाई टाउकोभित्र उनले बाल्यपनको छाप कायमै राखी सामाजिक कुरीति, कुसंस्कार, विसंगति एवं विकृतिप्रति तीखो व्यंग्य प्रहार गरेका छन्।

टाउको– यो कस्तो टाउको हो? टोपीले छोप्दा पनि केश मात्र छोपिन्छ तर टाउको भित्रको कल्यांग–बल्यांग छोपिदैन बरू त्यहाँ हावाको भुमरी झैं पर्दछ। त्यसै भुमरीमा देश रिङ्छ, विश्व रिङ्छ। तसर्थ टाउकोभित्र ब्रह्माण्डै अटाएको भान हुन्छ। तर त्यस्तै ब्रह्माण्डभित्रका महाजाति प्राणी जुम्राँसँगको तुलनामा उनीहरूको एक अर्कोसँग मायाप्रिति बस्ने, सहवास-पछि लिखाको जन्म र लिखाको उदयपश्चात् एक छेउबाट अर्को छेउसम्म यात्रा गरेर कोलम्बस र

भास्को डिगामा झैं नौलो–नौलो स्थान पत्ता लगाउने अनि जुआमा पनि विभिन्न महान् व्यक्तिहरू जन्मेर टाउकाको परिधि र व्यासको लेखाजोखा गर्नुका साथै सापेक्षतावाद र गुरुत्वाकर्षणको व्याख्या गर्दै अनेक महात्मा जन्मेर जुआ जातिको उद्धारको लागि संघर्ष गर्लान् । अनि मानवजाति झैं त्यहाँ गास र वासको साथै यौन प्यास मेट्नको लागि पनि भयावह युद्ध होलान् भनेर "अर्याल" टाउको र पृथ्वीलाई दुई प्राणीजातिहरूको वासस्थान भन्दै कालातिक तवरले जुआ र मानवजातिलाई एकै श्रेणीका प्राणी भन्दै परिभाषित गर्छन् । त्यस्तै पढाउने क्रममा एक विद्यार्थीको सुझाव अनुसार उनले पृथ्वीलाई अरिंगालको गोलासँग दाँज्न पुग्छन् । "ठाउँ छोडिदे, र धक्का नलगा" भन्दा बलिया वाङ्गा र लुरे लाग्रे अरिंगालहरू बीच भएको गज्याङ मज्याङ र भद्रगोल पारा तथा हामी मानवमा पनि गरीब र धनी वर्ग बीच भएको थिचोमिचो र सामाजिक बिसंगतिले गर्दा मानव सर्वश्रेष्ठ प्राणी भएपनि गिदी नभा जस्तै व्यवहारले गर्दा अरिंगाल समान छन् भनी आफ्नो अभिव्यक्ति पोख्दछन् ।

विशेषत: मानवमा प्राविधिक ज्ञानको लागि अध्ययनको आवश्यकता र अध्ययन भन्दा बाहिरका व्यावहारिक पक्षहरूलाई बुझ्नको लागि बुद्धिको आवश्यक हुन्छ र बुद्धि नै टाउकाको गुदीको रूपमा रहेको गिदी हो । अत: एक शिक्षक आफ्नो शिक्षण प्रविधिको कमीले मात्र पृथ्वीको परिभाषामा पृथ्वी गोल छ भन्ने आधार खोज्दा भोगटेजस्तो गोल भन्लान् । अनि अस्पष्ट भएको खण्डमा पुन: प्रश्न गर्दा गर्जंदै "पृथ्वी तेरो टाउको जस्तो छ" भन्न पुग्लान् । यसरी मानसिकताको सन्तुलनविना शिक्षकहरू आफ्नो कमजोर पक्ष विद्यार्थी माथि थोपर्छन् भन्ने प्रष्ट तवरले सशक्त अभिव्यक्ति दिएका छन् ।

यस अर्थमा स्वर्गीय अर्यालले "टाउको" हास्यव्यंग्य निबन्ध मार्फत् स्वभाविक र सशक्त व्यंग्य प्रहार गरेका छन् र साथै समस्त मानवजातिले आफ्नो विभिन्न पक्षका कमजोरीहरूलाई क्रमश: हटाउँदै जानुपर्छ भनी सन्देश पनि दिएका छन् ।

सन्दर्भ सामग्री:

"सम्झना"
भैरव स्मृति अङ्क
ऋषि पञ्चमी २०३७

शुभ–कामना

श्री ५ बडामहारानी सरकारको शुभ–जन्मोत्सवको शुभोपलक्ष्यमा
मौसूफको सुस्वास्थ्य, चिरजीवन एवं अटल सौभाग्यका लागि
परमेश्वरसंग प्रार्थना गर्दै
मौसूफमा सभक्ति शुभ–कामना चढाउँछौं ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
परिवार

कविता

आमा !

–प्रमोद नेपाल

आमा !
कति दिन हो
मलाई गर्भमा राखेर
तिमी खानै नसकी बसिथ्यौ रे !
कति दिन हो
तिमीले छट्पटीमै बिताइथ्यौ रे !
म भने
तिम्रो आशाको केन्द्रबिन्दु
अज्ञानतामा तिम्रै रगत चुसेर बाँचेथें
वेदनाका असह्य क्षणहरू सहेर
जब मलाई जन्म दिइथ्यौ तिमीले
वेदनाका तिम्रा ती खाल्टाहरू पुरिन नपाउँदै
म भने
रोदनले घरै उचालेर
रगतविहीन तिम्रो त्यो शरीरलाई
अझै चुस्दै थिएँ, अझै चुस्दै थिएँ ।

हे मेरी आमा !
म अवतरित भएको त्यो घडी देखिनै
कति आशाहरू साँचेर राखिथ्यौ होली–
मेरो छोरा ठूलो भएपछि डाक्टर हुनेछ
मेरो छोरा ठूलो भएपछि इन्जिनियर हुनेछ
यस्तै यस्तै तिमी कल्पना गर्थिउ होली
यस्तै सोच्दै मलाई यही आशीर्वाद दिन्थ्यौ होली
तर
म भने यो शहरमा
मानिसहरूको भुम्रोमा
गाउँबाट धेरै टाढा
तिम्रो काखको न्यानो मायाबाट टाढा
आफ्नो अस्तित्व खोज्दा खोज्दै
मानिसहरूबाटै विस्थापित भएर
तिमीले बुनेको त्यो विश्वासको माला चुँडाई
स्म्याकरूपी विषपानमा पो मस्त भएँछु ।

\+ \+ \+

आज यस अन्तिम घडीमा मात्र
बल्ल मलाई ज्ञान भयो
विषको ठूलो खाडल भित्र
डुब्नै आँटेको रहेछु म
मलाई माफ गर मेरी आमा !
र प्रण गर !
म जस्तो छोरो कहिल्यै जन्माउने छैनौ
जस्ले जीवनको गुढ अर्थ बुझ्ने गर्दैन
जस्ले तिम्रो दुधको ऋण चुकाउन सक्तैन ।

काठमाडौं

हाम्रो परम धर्म के हो ?

–ठाकुर शर्मा

यो संसारमा पाप–पुण्यको परिभाषा गर्नु अत्यन्त कठीन कार्य हो । जुन कार्यमा हामी घृणाभाव राख्छौं त्यही कार्य अर्को व्यक्तिलाई रूचिकर हुन गएको पाउँछौं । एउटै कार्य एकको लागि पुण्य छ अर्कोको लागि पाप । ग्रस्तो पनि हामी वेख्दै आएका छौं जुन आश्चर्य लाग्दो छ ।

विभिन्न विद्वान्हरूले आ–आफ्नो रूचि र भावना अनुसार पाप–पुण्यको परिभाषा गरेका छन् जसमा एक अर्कासँग त्यति मेल खाएको पाइँदैन ।

हाम्रा पूर्वज इतिहासवेत्ता पुराण स्रष्टा व्यासले पाप–पुण्यको कुरालाई सूक्ष्म रूपबाट व्याख्या गरेका छन् । आफूले वर्षौं लगाएर फैलाएका पुराणका कुरालाई निचोडमा दुई कुरामा टुंग्याई दिएका छन्, जो आज वर्षौं वर्षपछि पनि लागु भएको पाइन्छ । जस्तै:–

अष्टादश पुराणेषु व्यासस्य बचन द्वयम
परोपकार पुण्याय पापाय परपीडनम् ।।

व्यासजीले अठारह पुराणहरूको रचना गरेर आध्यात्मिक चर्चा–परिचर्चालाई बृहद् रूपमा रोचक ढंगले अगाडि बढाएका छन् । अनेक दृष्टिकोणबाट धार्मिक व्याख्या गरेतापनि त्यसको सार सूक्ष्मरूपमा अथवा दुई शब्दमा व्यक्त हुन्छ– परहित नै पुण्य हो, अर्कालाई दुःख दिनु नै पाप हो ।

संसारमा 'स्व' र 'पर' को विभेद नै सांसारिक माया हो । हामी जुन कार्य गर्दछौं स्वार्थको लागि, न कि परहितको लागि । हामी 'स्व'को संकुचित भावनाले ग्रसित छौं यो 'स्व'को भावनाबाट पर भई "परोपकार" को भावना जागृत गर्नसक्यौं भने साँचो अर्थमा मानव जीवनको सफलता मान्नुपर्छ । आत्मीक सुख र जीवनपर्यन्त कसैले शान्ति चाहन्छ भने परहित भावना अत्यावश्यक छ । प्रकृतिका अनेकौं स्थावर वस्तुले पनि परार्थको लागि आफ्नो सर्वस्व वलिदान गरेको हामी पाउँछौं । पृथ्वीले पनि परहितको लागि क्षमाशील बनी मानव इच्छालाई परिपूर्ति गर्दछिन् । यसै प्रसंगमा भर्तृहरीभन्दछन्:–

पिवन्ति नद्यः स्वयमेव नाम्भः
स्वयं न खादन्ति फलानि वृक्षाः ।
नादन्ति शस्यं खलु वारिवाहाः
परोपकाराय सतां विभूतयः ।।

अर्थात्– अनन्त जलराशिको भार वहन गर्ने नदी, आफ्नो जीवनभर अनवरत बहेकी छन्– केवल अरूको लागि । वृक्षहरूले फल दिन्छन्– अरूको लागि ।

बादलले धर्तीसँग प्रत्युपकारमा कहिल्यै अन्नको चाहना गर्दैन । युगौं युगदेखि जल त्याउनै र धर्ती-

लाई आर्द्र पार्ने परम्परा चल्दै आएको छ तर प्रत्युपकारको भावना राखिएको छैन ।

प्राचीन ऋषि महर्षिहरूले विश्व कल्याण जागृत गर्दै भनेका छन्:–

सर्वे भवन्तु सुखिन : सर्वे सन्तु निरामया : ।

सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःख भागभवेत्

अर्थात्:– सबै सुखी होउन्, सबै निरोगी होउन्, सबैको कल्याण होस्, कसैलाई पनि दुःख नहोओस् ।

हामी जुन कार्य जीवनपर्यन्त गर्दछौं, त्यो कार्य पशुपंक्षी आदि पनि गर्दछन् । भोजन वा शयन, आफ्नो हित र अहित तथा गृहस्थी सञ्चालन ।

जस्तै:– आहार निद्रा भय मैथुनन्च

सामान्य मेतत् पशुभिर्नराणाम्

मनुष्य तथा पशुमा यदि कुनै अन्तर छ भने त्यो हो परहितको भावना । पशुहरूमा परहीतको भावना हुँदैन । मानौं– एउटा गाईका दुईवटा बाच्छा छन् भने एकले अर्कोलाई सकेसम्म खान दिंदैन । कुकूरले पनि स्वयं जन्माएको बच्चालाई खुवाउनुपर्दछ भन्ने कुरा बिर्सन्छ । यस्तै पशुवत् मानव पनि व्यवहार गर्दछ भने पशुमा र मानवमा के फरक रह्यो ! मानवताको उद्देश्य, मानव जीवनको सार्थकता यसैमा छ कि मानवले परोपकारको कुरा सोचोस् । स्वयं उठोस् र अरूलाई उठाओस् । आर्त र दीनलाई करूणामय बोलीले, सजल नयनले, असहाय र अशक्तलाई याचनापूर्ण करूण दृष्टिले, सत्कार गर्न नबसने मानवको जीवन व्यर्थ छ । त्यस्तै भोकालाई अन्न दिएन भने, छिमेकीको घरमा आगो लाग्दा निभाउन सहयोग गरेन भने, बाढीले बगेको बालक र आर्तनाद गरी रोएका आमाहरूलाई देखेर उनीहरूको रक्षाको लागि कुनै मानवले सोचेन भने त्यो मानव मानव हैन पशु हो । मानव जीवनको सफलता त्यसैमा निहीत छ– स्वयं जागी अरूलाई पनि जगाई दिने । यदि शक्ति छ भने अशक्तलाई सहायता गर्ने, यदि विद्या छ भने विद्या दान गरेर अन्धाको आँखा खोली दिने ।

मनुष्यले गरेको भजन-कीर्तन पनि तबमात्र सार्थक हुन्छ जब "आत्मवत् सर्व भूतेषु" को सिद्धान्तलाई अंगालेर सहानुभूति, सहयोग र संवेदनाको भावनाले परसेवा कसैले गर्छ भने । कुनै पाश्चात्य विद्वान्को उद्गार यस्तो छ:– **"The best way to pray to god is to love his creation."** परार्थको लागि आफ्नो स्वार्थको परित्याग गर्नु महानता हो । त्यस्ता पुरुषहरूलाई विश्वमा सत्पुरुष वा महापुरुष भनिन्छ । सत्पुरुष वा महापुरुषको तन, मन, धन, सम्पूर्ण आफ्नो लागि नभै अर्काको लागि हुन्छ । त्याग र बलिदान उनीहरूको मूल आधार हो । यो पवित्र भूमिमा यस्ता महापुरूषहरूको जन्म भएको छ जसले मानव कल्याणको लागि सर्वस्व बलिदान गरेका छन् ।

त्याग र बलिदान मनुष्यको मूल आधार हो । य पावन भूमिमा जति गौरवशाली महापुरुषहरू अवतरित भए उनीहरूले जीवनपर्यन्त परोपकारको लागि मात्र सोचेर अमर बने । मानव यदि संकुचित "स्व" बाट प्रभावित भई त्यसैमा सीमित रहन्छ भने मानवता भन्ने वस्तु नै रहँदैन । आज संसारमा सबै स्वार्थी मात्र भैदिएको भए शायद मानवता रसातलमा पुग्थ्यो होला ।

अतः आवश्यकता छ मानवले स्वार्थलाई त्यागी "वसुधैव कुटुम्बकम्" को सिद्धान्तलाई अगाडि बढा-

उने । अनि मानव हितको लागि अगाडि बढ्ने । जबसम्म जन–जनमा यो भावना प्रवेश हुँदैन तबसम्म देश, समाज, परिवार सुखी रहन सक्दैन । देश समृद्ध हुनलाई व्यक्ति, परिवार, समाज समृद्ध हुनुपर्दछ । सामाजिक विषमतालाई फाल्ने, अशिक्षारूपी अन्धकारलाई मास्ने, व्यक्ति व्यक्ति मिली चेतनाको ज्योति विश्वभरी फैलाउने आदि सम्पूर्ण काम परहितकै लक्षण हुन् । हाम्रो संस्कृतिले सर्वदा यही सिखाउँछ कि परोपकार गर्नु नै सबभन्दा ठूलो धर्म हो । "वसुधैव कुटुम्बकम्" हाम्रो मूल मन्त्र हो । यसैबाट विश्वमा हामी उदार चरित्र भएका मानिस मानिएका छौं । त्यसैले हामी परोपकारको लागि सदा सजग रहनु पर्दछ । यही मानव धर्म हो, यही मानव कर्तव्य पनि हो ।

गुल्मी जुहाङ

-☼-

गीत

–सुनिल पुरी 'सुनीत'

आकाश यहाँ हाँसेको छ
आफूभित्र पीर बोकेर
मनको धरती सुकेको छ
आँखाभरि नीर बोकेर

यहाँ त जिउँदो मानिस बिक्छ
लाशको कुनै मोल कहाँ छ ?
यहाँ त सिगो मानिस बिक्छ
मुटु र मायाको तौल कहाँ छ ?
चाहनाको सागर सुक्छ
उदास–उदास तीर बोकेर
आकाश यहाँ हाँसेको छ
आफूभित्र पीर बोकेर ।

पुल्चोक, ललितपुर

श्री ५ बडामहारानी

ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको

४२ औं शुभ–जन्मोत्सवको पुनीत उपलक्ष्यमा

सरकारमा हार्दिक शुभ–कामना अर्पण गर्दै

मौसूफको सुस्वास्थ्य, दीर्घायु तथा

अटल सौभाग्यका निम्ति

परमेश्वरसंग सभक्ति

प्रार्थना गर्दछौं ।

–नेपाल राष्ट्र बैंक परिवार

कविता

नाकाबन्दी

–धीरेन्द्र मल्ल

दिन गनेर
यसरी
कति दिन
बिताउने जिन्दगी ।
हाँस्नलाई नाकाबन्दी
रुनलाई नाकाबन्दी
किन यो नाकाबन्दी बाँच्नलाई !
हुँदा हुँदै अब त
सपना देख्नलाई समेत नाकाबन्दी ।
सहनुको पनि
यौटा सीमा हुन्छ
सह्यो सहनु थियो
ए ! हेरौं त
कतै हाम्रो शरीरमा
रगतको सट्टामा
पानी बगेको त छैन ?
अझै आशान्वित छौं हामी,
जे जस्तो भँसवदा पनि
लाइन लाइनमा
हामी होम्मिइरहेका छौं
के लाग्दो रैं'छ
ठूला र साना माछाको झगडा
हामी भुराहरूको !
ठूलो माछा
सानो माछालाई खाने दाउमा छ
सानो माछा
ठूलो माछाबाट फुत्किने पेच बुन्दैछ
यो ठूलो र सानो माछाको
दाउ र पेचहरूको संग्राममा
भुराहरू
किचिउन् या थिचिउन्
यो कुरा
न त ठूलो माछाले सोचेको छ
न त सानो माछाले सोचेको छ ।

श्री ५ बडामहारानी सरकारको

दीर्घायु होस् ।

नेपाल बैंक लिमिटेड
(स्थापित १९४४)

संरक्षण कथा

"हामी पछुताई रहेछौं"

–गिरिराज पन्थ

घना जङ्गलको वातावरणभित्र एउटा अनकण्टार कुनामा अवस्थित हाम्रो गाउँ केही समय अघिसम्म हामीले पुस्तकमा पढ्ने गरेको जङ्गली मानवको बस्ति जस्तो प्राकृतिक एकाग्रताभित्र लुप्त थियो। म लगायत दश-बीस छिमेकीको घर, केही बारी, थोरै खेत, खरबारी र वन जंगलमा झुम्म परेका ठूला–ठूला साल, सल्ला र बरपिपलका रुख, डालेघाँसहरूको प्रचुरता, स्वतन्त्र रूपमा प्रकाश समेत छिर्न नसकी दिउँसै अँध्यारो प्रतीत हुने हाम्रो ग्रामीण बस्ति हाम्रो सोचाइमा एउटा असभ्य इलाका थियो।

माटोमा सुन फलाउने अदम्य साहस लिएर खेतबारीमा श्रम गर्ने हजुरबाहरू रुख बिरुवाको झापसले अन्न कम फलेर दिक्क भिए भने आगनमा छहारी परेर बिस्कुन सुकाउन नपाउँदा आमा, हजुरआमाहरू पनि कराई रहन्थे। हामीले गाई-भैंसी पाल्थ्यौं, चरुवा भेंडा-बाख्रा पाल्थ्यौं, जंगलमा चराउन लैजाँदा चितुवा र बाघले छोपेर हैरान गर्थ्यो। खेतबारीमा लगाएका मकै हारी बस्न नपाउँदै ढेंडु बाँदरले सत्यानाश गर्थे। बाघ बालु जस्ता वन्यजन्तुको प्रकोपले हाम्रो ग्रामीण बस्ति हामीले असुरक्षित सम्झन्थ्यौं। सधैंजसो पानी पर्थ्यो, खोला-नालाहरूमा बाह्रै महीना पानी छताछुल्ल हुन्थ्यो। आँप, ऐसेलु, काफल, जामुन र खल्टुक पालैंसित पाकिरहन्थे, ढकमक्क फूल फुलिरहने रमाइलो वातावरण, चराचुरुङ्गी पुतली र भमरा इत्यादिको गुनगुनाहट, शीतल हावासंगै सुगन्ध फैलिई रहने हाम्रो बस्ति एकमानेमा अति आनन्ददायी पनि त थियो।

जमानामा मधेश झरेका बूढाहरू कहिलेकाहीं पहाड फर्केर जंगल घेरै भएको ठाउँमा 'औलो' लाग्छ भन्ने हल्ला फिजाउँथे। समयको चक्र घुम्दै गयो, गाउँमा पाठशाला नभएकाले म र मेरा केही साथीहरू दुई-तीन दिनको बाटो टाढा पर्ने संस्कृत पाठशालामा पढ्न जान थाल्यौं। कहिले काहीं विदामा घर फर्केर मान्यजनलाई प्रणाम गर्दा 'बाबु! भाग्यमानी भए, मास्टर पण्डित भए, सन्तानले डाँडाकाँडा ढाकुन्' भन्ने आशिष पाउँथ्यौं। पाठशाला बन्द रहेको वेला हामी वनमा गाई बाख्रा चराउन जान्थ्यौं, दिनभरी बाँसको गुलेली बनाएर ढुकुर हान्थ्यौं, गुँडबाट चराका बच्चा झिकेर उडाउँथ्यौं, सुगाका बच्चा छोपेर 'पटू'–'पटू' भनेर जिस्क्याउँथ्यौं, माहुरी र कठौरीका चाका झिकेर खान्थ्यौं, त्यसबेला हाम्रो बाल्यकाल अति रमाइलो थियो। वैशाख महीनामा गाउँघरका सबै दो–बाटा, चौबाटाहरूमा बर, पिपल, स्वामी रोपेर धुमधामसँग विवाह गरिदिने प्रचलन थियो। हामीले अति रमाइलो मान्थ्यौं त्यो क्षण।

समयको गति रोकिएन, गाउँको जनसंख्या दशौं गुना बढ्यो । खेतीको लागि वन फाँडियो । हामीले पनि कसले ठूलो रूख पल्टाउने भन्ने होडबाजीमा थुप्रै रूख ढाल्यौं, बाँझो खन्यौं, खेतबारी बढायौं, बनमा डढेलो लगाएर रमिता हेर्‍यौं । यसरी नै हाम्रो बाल्यकाल बित्यो ।

केही वर्षपछि हामी मध्ये केहीजना उच्च शिक्षाको लागि शहर तर्फ लाग्यौं । उच्च शिक्षाको पाठ्यक्रममा रूख बिरुवाको महत्त्वबारे किताबी ज्ञान प्राप्त भयो ।

रूख बिरुवाहरूले गास बास र कपास मात्र दिने नभई सन्तुलित वातावरण, भू–संरक्षण, जडिबुटी तथा प्राणीलाई सास फेर्ने प्राणवायु समेत दिन्छन् भन्ने थाहा लाग्यो । हामी बस्ने शहरमा महंगो मूल्यमा काठ–दाउरा बिक्री हुन्थे, फर्निचर उद्योगले राम्रा र आकर्षक सामग्री बनाउँथे । त्यसबेला हामीले आफ्नो गाउँका अग्ला–अग्ला साल सल्लाका रूखहरू संझ्यौं र गाउँमा फर्केर वन संरक्षण गर्ने अठोट गर्‍यौं ।

लामो समयपछि नयाँ उत्साह र जाँगर लिएर हामी घर तर्फ हिड्यौं, गाउँ नजिकैसम्म कच्चि मोटर बाटो बनेको रहेछ, मोटरमा चढेर धूलो उडाउँदै घर नजिकैसम्म गयौं । त्यसबेला हाम्रो गाउँले चेहरा फेरिई सकेको रहेछ ! अर्को शब्दमा 'विकास सगै विनाशको जरा पनि फैलिएको रहेछ त्यहाँ । ठूला–ठूला रूख एउटा दुइटा मात्र देखिन्थे, गाउँ नजिकै डरलाग्दा पहिरा थिए, नांगाडाँडा र डढेलो लागेका काला खरबारीले वातावरण उराठ लाग्दो प्रतीत हुन्थ्यो । टिनको छाना लगाएका अग्ला-अग्ला घर, गोठ, प्रहरी चौकी, हुलाक, कृषि, पशुस्वास्थ्य र वन समेतको कार्यालय बसी सकेको रहेछ । हिजोको त्यो सुन्दर प्रकृति आज लोप भएको देखेर हामी चकित पर्‍यौं ।

भोलीपल्ट नै हामीले गाउँका भद्र भलाद्मी भेला गराएर वनको महत्त्वबारे सम्झायौं, वन मासिनाको कारण सोध्यौं । शुरू–शुरूमा जनसंख्या बढेपछि खेतीको लागि जंगल फाँडिएको, पाठशाला लगायत घेरै सरकारी कार्यालय निर्माण गर्दा ठूला–ठूला रूख काटिएको, त्यसपछि काठ दाउराहरू मोटर चढाएर बिक्री गर्न शहरतिर लैजाने प्रक्रिया बढेकोले पैसाको प्रलोभनमा परी प्रकृति उजाड तुल्याइएको र थुप्रै मानिसहरू वनमुद्दामा समेत परेको कुरा थाहा लाग्यो । त्यसैताक गाउँमा कित्ता नापी गर्ने टोली आएको र रूखबुटा भएको जग्गा सरकारी हुन्छ भन्ने हल्ला मच्चिएकाले रातारात रूख ढालेर माटोमा पुरेको, खोलामा बगाएको भन्ने कटुतथ्य पनि कसै–कसैले बताए ।

जे होस् अहिले हाम्रो गाउँ वनसम्पदामा गरीब भइसकेको छ । चरनक्षेत्र, घाँस दाउरा नजिक छैन, चरीको चिरबिर सुनिदैन, बनमा जामुन काफल, कठौरी र कालिज भेटिदैनन्, पानी समयमा पर्दैन, रोगव्याधि बढेको छ, पहिरोले घरखेत तान्ने क्रम चलिरहन्छ । मलिलो माटो बगेर उब्जनी वर्षेनी घट्दैछ । समग्रमा अहिले हाम्रो बस्ति प्राकृतिक प्रकोपले अस्तव्यस्त छ ।

हिजो हामीले अज्ञानतावस वनजंगल सखाप पारेको सम्झेर आज हामी पछुताई रहेछौं । वन्यजन्तु मारेको सम्झेर पछुताई रहेछौं ! धेरै सन्तान जन्माएको सम्झेर पछुताई रहेछौं !! हामीले गाउँमा वननर्सरी स्थापना गर्ने र वृक्षारोपण गरी वनजंगल हुर्काउने तर्फ सोचिसकेका छौं । समग्रमा हामी हाम्रो प्रकृतिद्रोही क्रियाकलापको प्रायश्चित गर्न पछुताई रहेछौं । हामी ...पछुताईरहेछौं !!!

–वन शाखा, गुल्मी

कविता

परिवर्तन

–नीलकण्ठ न्यौपाने

म भित्र भावना सधैं दबेर लुक्न बाध्य थे
म भित्र चाहना सबै झुकेर बच्न बाध्य थे
म भ्रष्ट व्यक्तिको खुला क्रियाकलाप देख्दथें
म दुष्ट शक्तिका मुनि दबेर बंच्न बाध्य थें
म चुक्लि चाप्लुसि विना डरेर बस्न बाध्य थें
दिएर घूसमात्रले म काम साध्न सोच्दथें
म रोजगार खोज्दै संगार द्वार धाउँथें
तथापि हुन्न छैनका जवाफ मात्र पाउँथें
प्रशस्त घूस चाकडी दिए गरेत नोकरी
अयोग्य भैंसके पनि मिल्यो भयो सधैंभरी
विदेशमा बसी सधैं म दास बन्न बाध्य थें
लुछाचुंडी गरी सधैं म आफू बंच्न बाध्य थें
स्वदेशका हराभरा समस्त वन्य सम्पदा
सखाप भैंदिदा त्यसै म चुप्प लाग्न बाध्य थें
यो देशलाई बेगमा लुकाई बेच्न हिंड्दथें
तथापि त्यो सबै बुझी म मौन लाग्न बाध्य थें

मिली जमातपञ्चका रची प्रपञ्च जालका
स्वदेशलाई चुस्दथे म मूकदर्शी बन्दथें
असत्य बोल्न पर्दथ्यो असत्य सुन्न पर्दथ्यो
असत्य मान्न पर्दथ्यो असत्य जान्न पर्दथ्यो
असत्य देख्न पर्दथ्यो जतातर्त असत्य थ्यो
अचाक्लि देशभित्रको कलंक देख्न पर्दथ्यो
असह्य भ्रष्ट तन्त्रको जरा फिजाइँदै थियो
अमूल्य रक्त-विन्दुले स्वतन्त्रता यहाँ दियो
आखीर जीत भै दियो विशुद्ध स्वच्छ सत्यको
दब्यो लड्यो गिऱ्यो ढल्यो जरै उड्यो असत्यको
विते ती कालका घडी चुंडे ती कालका कडी
झुक्ने ती शक्ति लत्रिदै लुके ती भासमा गडी
म हाँस्न पाउने भएँ म नाच्न पाउने भएँ
यथार्थ सुख दुःखका कथा सुनाउने भएँ
म लेख्न पाउने भएँ म बोल्न पाउने भएँ
स्वतन्त्र जिन्दगी संगै म बंच्न पाउने भएँ ।

पाल्पा, पूर्वखोला

श्री ५ महाराजाधिराज सरकारको

४६ औं शुभ–जन्मोत्सवको पुनीत उपलक्ष्यमा

मौसूफको गाथमा सुस्वास्थ्य, समृद्धि एवं चिरायुको कामना टक्याउँछौं ।

–साझा यातायात परिवार

दुई कविता

जागिर

—कृष्ण प्रसाद पन्त

स्वतन्त्रताको नियुक्ति संगसंगै
द्वेष र इर्ष्याको पजनी भएको छ,
चाकडी र चाप्लुसीको दरबन्दिमा
समानता र कर्तव्यपरायणताको
सरुवा भएको छ,
घोटला र परिवेशलाई
विभागीय कारवाही सीमित गरिदैछ,
त्यसैले निर्धक्क भै भन्न सकिन्छ
निरंकुशताको अभिशापलाई
बर्खास्त गरिएको छ ।

अधिग्रहण

धोका र अनेकताका क्षणहरूको
अवमूल्यन भएको छ,
निर्माण र संरचनाका क्षणहरूको
पुनर्मूल्यन भएको छ,
अझ परिष्कृत रूपमा भन्ने हो भने
बैमनस्यताको विषालु धुवाँको त
अधिग्रहण नै भएको छ ।

गुल्मी

धोका पाएको मन

—हेमराज पाण्डे

उपहार ममताको सम्झी राखूँ कति
मलाई तिमी सधैंभरी मायाँ दिन्थ्यौ जति ।
यत्ति भनी तुलाभरी जोखने ठाउँ के छ !
चुलाएर सजाउने आफै आफ जे छ ॥

कैले काहीं नकल्पेको कुरा किन हुन्छ
दुःखपूर्ण घटनाले हृदयलाई छुन्छ ।
कुण्डली वा भाग्य अरू दोष छकी केही,
झस्किएर सधैंभरी सोच्छ मन येही ॥

शान्ति दिने नौलो संसार नत कतै देखें
नत मैले इन्द्रेणीको शान्त किरण लेखें ।
अशान्ति र दुराचारले खाग पार्ने होकी !
कता–कता सत्यतालाई कलीयुगले रोकी ॥

अभिनय उपहासका संसारभरी सुन्छु,
मनको साथी नपाएर सारङ्गीमा रुन्छु ।
रूपरेखा प्रकृतिले किन यस्तो पाऱ्यो !
कस्ले भन्छ याहाँ आज, आफैलाई हाऱ्यो ॥

अर्घाखाँची

नाम भनेको केही होइन, गुलाबलाई अरू कुनै नाम दिए पनि त्यसबाट बास्ना हराउँदैन ।

—शेक्सपियर

यात्रा वृत्तान्त

कस्ता कस्ता मान्छे ! कस्तो कस्तो स्वभाव !!

–दार्सिङ्वासे माइलो

कुन मान्छे कस्तो हो र कुन देशको वा कुन क्षेत्रको मान्छे कस्तो हुन्छ भन्ने सम्बन्धमा यसै हुन्छ भनी ठोकुवा गर्न सकिदैन । त्यो सबै मान्छे मान्छेको स्वभावमा निर्भर गर्दछ । भारत जाने नेपालीहरूलाई भारतीयहरूले तल्लो स्तरको व्यवहार गर्ने परम्परा आजको होइन । आज नेपालीहरू धेरै टाठा बाठा भैसकेका छन् र विश्वलाई चिनिसकेका छन् । भारतको अनुकम्पा विना नेपालीहरू बाँच्न सक्दैनन् भन्ने धारणा टुटी सकेको छ । त्यसैको प्रतिफल हो वा बदलाको भावना राखेर हो हिजोआज नेपालीहरूले पनि भारतबाट नेपाल आउने भारतीयहरूलाई त्यस्तै प्रकारको निम्नस्तरीय व्यवहार गरिदिन्छन् । तर जुन कुरा बुझ्नुपर्ने हो त्यो बुझ्न बाँकी नै छ– त्यो के भने सच्चा नेपाली या भारतीयले दुई भाईको बीचमा फाटो ल्याउने या वैमनस्यता जोड्ने कार्य गर्दैन । एउटा भ्यागुताले सम्पूर्ण पोखरीको पानीलाई गन्हाउने पारिदिएको हुन्छ र एउटा कमलले पोखरीको सुन्दरता बढाई दिएको हुन्छ । गुणी र अवगुणीमा हुने चिन्ह यिनै हुन् ।

बाबु राम्रो भए छोराछोरी राम्रा हुन्छन् एउटाले राम्रो गरिदिए अरू पनि उसैको पछाडि लागिदिन्छन् । एउटाको दुष्कर्मले केवल एउटा गाउँ र ठाउँ मात्र होइन सम्पूर्ण देश प्रभावित हुनपुग्छ । जसको बिस्तार र प्रभुत्वबाट अन्तर्राष्ट्रिय क्षेत्र पनि प्रभावित नभै रहन सक्तैन ।

यहाँनेर मैले दुईवटा वेग्ला वेग्लै बस यात्राको घटनालाई उधृत गर्न खोजिरहेको छु । तर मेरो ध्यान समष्टि रूपमा दोस्रो यात्रासँग सम्बन्धित हुनेछ ।

केही महीना अगाडिको यात्रामा एकजना भारतीय मूलका नेपाली नागरिकलाई सहयात्री बनाउन पाएको थिएँ । उनी मसँगैको सीटमा बस्न आउँदा कस्तो–कस्तो खल्लो अनुभव भैरहेको थियो । समय जाडोको थियो, मेरो सीट झ्याल तर्फ परेको थियो र झ्यालको ऐना फुटेको थियो त्यसमाथि पुरापुर भारतीय अनुहार झल्कने युवक कोखैमा बस्न आउँदा त्यस्तै युवकसँग भएको पुरानो चर्को वादविवादलाई सम्झेर मन खिन्न हुनु स्वाभाविकै भैरहेको थियो ।

उनले मलाई आफ्नै मातृभाषामा सोधे– 'आप किधर बैठिएगा !' मैले ज्ञातव्य कुरामा अनभिज्ञता देखाएर मानवीय सबैकली स्वभाव प्रकट गर्दै मौकामा दाउ लगाउने दुष्प्रयाश गरेर मुस्कुराउँदै भनिदिएँ– 'दो जनेका सीट है, आप जिधर भी बैठ जाइए ।' उनले मलाई फेरि भने– 'नहीं नहीं आप जिधर चाहें उधर बैठें ।' तबसम्म उनलाई सीसा फुटेको थाहा थिएन ।

अब मैले त्यो मौका चुकाउने कुरै थिएन । मैले उनलाई ख्याल तर्फको सीट छोडीदिएँ । सीटमा बसिसकेपछि हामी बीच सामान्य परिचयबाट कुरा अगाडि बढ्यो ।

कपिलवस्तु जिल्ला पिपरा निवासी सत्यदेव चौधरी एउटा कार्यालयमा सब ओभरसियरको दरखास्त हाल्न काठमाडौं आएका रहेछन् । म्याद सकिनु भन्दा एकदिन अघि आइपुगेका ती चौधरीले सर्टिफिकेटका प्रतिलिपी प्रमाणित गर्न अफिस–अफिसमा चहारेछन् तर सबकल प्रति देखाउँदा पनि कसैले प्रमाणित नगरीदिदा म्याद सकिन गएछ । अनि डबल फीस तिरेर भएनि दरखास्त नदिई नछाड्ने निधो गरेर पुनः धाउन थालेछन् । त्यसै क्रममा तराई निवासी एकजना राजपत्राङ्कित कर्मचारीलाई विनम्र अनुरोध गरी चियापानको बन्दोबस्त मिलाएपछि प्रतिलिपि प्रमाणित गर्न सफल भएछन् ।

मसँग अफिसली परिचय समेत भैसकेपछि उनी हर्षले गदगद् भएर आँशु झारे– सर ! म फेरि काठमाडौं आउँदा हजुरलाई भेट्नेछु । मलाई फेरि यस्तो काम पऱ्यो भने हजुरले नाइनास्ति नगरी दिनुहोला है ! मेरो काठमाडौंमा कोही पनि छैन । मेरा बाबु मरिसके, घरमा स–साना भाइ बहिनी र बूढी आमा छन्, उनीहरूको हेरचाह मैले गर्नुपर्छ । हजुरले मलाई जागीर मिलाई दिनुपऱ्यो, बरू हजुरले जे भन्नुहुन्छ म गर्न तयार छु ।

मैले उनलाई त्यसबेला बढी आश्वस्त नबनाई खाली यत्ति भने– 'आउनुस् सकेको मद्दत गरौंला नि!'

बसको यात्रा नटुंगिदासम्म उनले ख्यालबाट प्रवेश गरेको रातको सिरेटो खपेर बसे । वास्तवमा त्यो सिरेटो मैले खानुपर्थ्यो, किनकि त्यो सीट मेरो थियो। तपाई आफ्नो सीटमा बस्नुस् भनेको भए मैले नाइनास्ति गर्न हुन्थेन । उनले मलाई अझ कत्रो आशाको केन्द्रबिन्दु बनाएका थिए, किन भन्थें त्यस्तो कुरा ! बिचराले गम्छाले टाउको बाँधेको र लुङ्गीले शरीर छोपेर पनि थरथरी कांपेको देख्दा मलाई निकै दया र माया लगेर आयो । उनीसँग बिदावारी भैसकेपछि पनि मैले उनलाई बिर्सन सकिन ।

\+ \+ \+

केही महीनापछि मलाई पुनः रात्रीबसमा यात्रा गर्ने अवसर मिल्यो । त्यसबेलाको यात्रा वर्णन भिन्दै प्रकारको थियो, एकदमै उल्टो । बसको टिकट किनेर ख्याई-दिने एकजना मित्रले मलाई पूर्व जानकारी दिई सकेका थिए– संगैको सीटमा एउटी अमेरिकन महिला परेकी छन् । सम्बन्धित भाषामा राम्रो दखल नभएकोले मलाई अलिकति अप्ठ्यारो महसूस त भैरहेको थियो– कसरी कुराकानी गर्ने हो ! कसरी मैत्री बढाउने हो ! जेहोस् परिष्कृत भाषा बोल्न नसके पनि टाकर टुकुर सवाल जवाफ गर्नसक्ने भएकोले मूकदर्शक भै बस्नुपर्ने अवस्था चाहिं थिएन ।

म सम्बन्धित बसमा पुग्दा हाम्रो सीटमा दुई भारतीय महिलाहरू बसेका थिए । त्यो देख्नेबित्तिकै मलाई तर्सो पस्यो– कहीं टिकट काट्नेले बदमासी त गरेन ? तर होइन रहेछ । उनीहरूले मेरो टिकट हेर्न चाहे, मैले टिकट देखाई दिएँ । तैपनि उनीहरूले व्यर्थमा विवाद अगाडि बढाएर आफ्नो नैसर्गिक स्वभावको परिचय दिएँ- 'तपाई यसै अगाडिको सीटमा बस्नुस्' भनेर । तर न उनीहरूले आफ्नो वास्तबिक स्थिति बताए न त सीट नै छाडीदिए । त्यसरी

म मान्ने पक्षमा थिइन । मैले आफ्नो अधिकार प्राप्त सीटलाई नछाड्ने अडान लिएर बसें । केही सीप नलाग्ने देखेर उनीहरू एकलाइन अगाडिको सीटमा बसे । म बसेको पछाडिपट्टी पनि दुईवटी भारतीय महिला नै बसेका थिए, ती सबै एउटै समूहका रहेछन् । अगाडि बस्ने महिलाहरूको ख्यालको सीट राम्रो नभएकोले ती चारै महिलाबीच कता बस्ने सम्बन्धमा पुनः एकछिन मतमतान्तर भयो । तत्पश्चात् उनीहरू त्यहाँबाट पनि उठेर दोस्रो लाइनको खाली सीटमा गै बसे ।

उनीहरूको क्रियाकलापलाई मैले बुझ्न सकिरहेको थिइँन । यात्रुहरूको त्यस्तो मारामार भएको बेलामा पनि त्यसरी सीट रोज्दै हिंड्नुको अर्थ के होला ? एकछिन पछि दुईजना युवकहरू आएर आफ्नो सीटको खोजी गर्नथाले । ती महिलाहरू बसेको सीट नै उनीहरूले बुक गरेको सीट रहेछ । युवकहरूले टिकट देखाएर छोड्नको लागि अनुरोध गरे, तर ती महिलाहरूले छोड्न चाहेनन् । काउण्टरबाट उनीहरूलाई सीट मिलाई दिने आश्वासन मिलेको रहेछ । त्यसो भन्दैमा युवकहरूले आफ्नो सीट गुमाउनेवाला थिएनन् । टिकट काट्नेले जतासुकै र जुनसुकै सीट मिलाओस् हामीलाई के वास्ता ! हामीलाई त आफ्नो सीट चाहियो– युवकहरूको भनाई थियो । त्यसैबीच पछाडि बस्ने अरू दुई महिला पनि आवाजमा आवाज थप्न त्यहीं पुगे । उनीहरूले आफूलाई भारतीय राजदूतावाससँग सम्बन्धित बताउँदै हामीले राम्रो र उपयुक्त सीट पाउनुपर्छ भनी जोड गर्नथाले । नेपालीहरूले पनि भन्ने मौका चुकाएनन्– 'राजदूतावासका कर्मचारीको त के कुरा स्वयं राजदूत आएपनि आफ्नो अधिकार प्राप्त सीट छाड्न सकिन्न' युवकहरूको दृढ विचार रह्यो । महिलाहरूले पनि आफ्नो जिद्दी छाडेनन्– खास गरेर महिलाहरूको र त्यसैमा पनि विदेशी महिलाहरूको उचित सन्मान हुनुपर्छ अन्यथा दूतावासले पनि यस घटनालाई सिरियस रूपमा लिनसक्छ– भारतीय महिलाहरूको भनाई थियो । भुक्तभोगी युवकहरूले पनि त्यो भनाईको किन्चित वास्ता नराखी भारतीयहरूले नेपालीहरूमाथि गर्ने अभद्र एवं पाशविक व्यवहारको उल्लेख गरे– दूतावासले चाह्यो भने कारमै पुऱ्याईदेओस् हामीलाई के वास्ता! बसमा होहल्ला भयो । सम्पूर्ण यात्रुहरूले एकै आवाजमा महिलाहरूले सीट छोड्नुपर्ने विचार व्यक्त गरे । त्यति हुँदा पनि ती महिलाहरू टसको मस भएनन् ।

उनीहरूको एकोहोरो हठलाई देखेर एउटा युवक कन्डक्टर वा टिकट काट्नेलाई बोलाउन निस्क्यो । सम्बन्धित मान्छे आएपछि उससँग पनि एकछिन भनाभन भयो– 'सीट त जसरी पनि मिलाइदिन्छु तर यहाँ होइन अगाडि'– टिकट दिनेले आफ्नो पूर्वोक्त भनाई दोहोऱ्याय्यो । तर महिलाहरू अगाडिको (बल्कोनी) सीटमा बस्ने पक्षमा थिएनन् । यसै विषयमा वादविवाद एकछिन पुनः चर्क्यो । जसले– गर्दा बस पन्ध्र मिनेट ढिला भयो । यात्रुहरू कराउन थाले– 'यिनीहरूलाई यहाँबाट निकालीदेऊ ।' जतातत विरोध भएपछि केही सीप नलाग्ने देखेर उनीहरूले सीट छाडीदिए । काठमाडौंको मूल बस स्टपबाट बस निश्चित स्थान तर्फ हिंड्यो ।

मलाई भने अर्को जिज्ञाशाले सताई रहेको थियो । बुझ्न सकिरहेको थिइँन– बस पन्ध्र मिनेट ढिलो हुँदा पनि विदेशी महिला नआउनुको कारण के हो ? मैले

अडकल काट्दै थिएँ– उनीहरूलाई पैसाको के कमी छ र ! हवाईजहाजको टिकट लिने तर्फ पनि प्रयास भैरहेको थियो होला ! उतै टिकट मिले होला उडी होलिन्, के फरक पऱ्यो र ! तर होइन रहेछ सुन्धारा पुगेपछि बस अडियो, विदेशी महिला बसमा प्रवेश गरिन् । मैले उनीलाई टाढैबाट इसारा गरें, उनी हाँस्दै मनेर आइन्– 'हलो ! हाउ आर यू ? राम्रो छ !' उनीले सोधिन् । 'भेरि फाइन, धेरै राम्रो छ, बस्नुस्' मैले पनि उसैगरी अग्रेजी नेपाली दुवै भाषा मिलाएर जवाफ दिएँ । हामी दुवै बीच सामान्य परिचय भयो, अनि विविध विषयक कुराकानी भए– उनी यूनिसेफ-सँग सम्बन्धित रहिछन् र त्यसै सिलसिलामा केही दिनको लागि भैरहवा र फर्कदा पोखरा जान हिंडेकी रहिछन् । उनीले मूलतः राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रसँग सम्बन्धित आफ्ना अनुभवहरू सुनाइन् र केही रूपमा रसिक र मनोरञ्जक कुराहरू गरेर हाँसो पनि गरिन् । बाटामा उनीले जिद्दी गरेर भएपनि विभिन्न पेय पदार्थहरू खुवाउँदै लगिन् । रात छिप्पिदै गए पछि उनी झुल्न थालिन् । नेत्र निमीलित अवस्थामा उनीबाट जानीजानी वा नजानीकनै भएका शारीरिक क्रियाकलापले मेरो सुसुप्त कामनालाई क्रियाशील बनाउनमा मद्दत पुऱ्यायो । उनीको लागि त्यो शारीरिक संघर्षण र समर्पण केही नहुन सक्छ तर मेरो लागि भने त्यो रोमाञ्चकारी, विस्मयकारी र अस्थिरता पैदा गराउने खालको थियो । जेसुकै भएपनि मैले आफ्नो मनलाई सीमा नाघ्न दिइँन ।

एउटै सीटमा यसरी विदेशी महिलासँग यात्रा गर्न पाएर मलाई उत्कट आनन्दको अनुभव भैरहेको थियो भने अघिल्लो सीटमा बसेका कमीज सुरुवाल र टोपी लगाएका दुई पुरुषले गाउँमा अन्धभक्त वाम-कांग्रेसहरूले चलाएको राजनैतिक सरगर्मीको व्याख्या गरेर विकृत राजनीतिको उदाहरण पेश गर्दै थिए । त्यो पनि एउटा अपरिपक्व राजनीतिको हाँसो उठ्दो विषय थियो । पछाडिपट्टीबाट भने भारतीय महिलाहरूले हाम्रो सीटलाई घचाक घुचुक पारेर अशान्त स्थिति उत्पन्न गर्दै थिए । त्यहाँ एउटी युवती र अर्की अधवैंसे महिला थिइन् अनि एउटा बच्चा थियो । त्यो बच्चा केही चञ्चल तर सुन्दर थियो । मैले उसँग हिन्दी भाषामा बाल स्वभावसँग मिल्दाजुल्दा कुराकानी गरेर महिलाहरूको ध्यान आकृष्ट गरी मित्रता बढाउने विचार गरें । जसबाट उनीहरूले हामीप्रति राम्रो व्यवहार गरून् । तर 'दुष्ट स्वभावो दुष्टैव भवति, कटुवचन उच्चारण गरेर उनीहरूलाई तर्साउनुपर्ने मैले गल्ती गरेँछु । त्यसपछि त उनीहरूले मेरो टाउकोमा छोइने गरी सीटमाथि खुट्टा ल्याएर मेरो सीटको आडलाई अगाडि धकेली खुट्टा तेर्सो पारेर लाज, सर्म समेत उदांग्याई मस्तीसँग सुतीदिए । त्यसको अर्थ कहीं हामीसँग प्रेमका कुरा नगरेर वा हाम्रो अनुहारप्रति आकृष्ट नभएर सभ्यता र संस्कृति नमिल्ने एउटी विदेशी कुइरे केटीसँग लहसिन खोज्ने तँ जस्ता लाछीलाई लजा भनेर चेतावनी दिएको पो हो कि जस्तो पनि लाग्यो । 'आपलोग यह क्या कर रहे हैं !' 'हम ने तुमको क्या किया !' त्यहाँ अनर्थमा वादविवाद चर्कन थाल्यो । अन्याय सहनु पनि अन्यायलाई प्रोत्साहन दिनु हो । गल्ती स्वीकार गर्न नजान्नेलाई त्यसै छोड्न पनि त भएन । त्यहाँ एकपटक चर्काचर्की पनि भयो, सुतेका यात्रुहरू पनि उठे । बोल्ने जतिले मेरो साथ दिन थालेपछि उनीहरू अलि हच्के र बोल्न छाडे ।

जसले मलाई जति माया दिन्छ त्यसको दुईगुणा माया म उसलाई दिन्छु, अनि जसले मलाई जति सहयोग पुऱ्याउँछ उसलाई मैले दुईगुणा सहयोग पुऱ्याउँछु भन्ने कुरालाई मेरै अर्धाङ्गिनीले त बुझ्न वा जान्न नसकेर बेला बेलामा घमासान पर्ने गर्छ भने ती विचराहरूले के बुझुन्– एकै यात्रामा, एकै रातमा मेरो स्वभाव ! म कसैमाथि अन्याय बेइमानी र धोकाबाजी गर्दिन र कसैले म माथि त्यसो गरेर धोका दियो वा नोक्सानी पुऱ्यायो भने मैले दुर्वासालाई पनि मात गरिदिन्छु भन्ने कुरा मेरा निकटतम मित्रहरूले पनि बुझ्न सकेका छैनन् र कसैले बुझेर पनि बुझ पचाई दिने गरेका छन् भने ती विचारहरूले कसरी बुझुन् मेरो सोझो अनुहार देखेर म भित्रको वास्तविक सनकली क्रुद्ध स्वभाव !

जेसुकै भएपनि मेरो यात्रा पूर्णरूपेण सफल भयो । किनकि यात्रा गरी सकेपछि विभिन्न स्वभावका विभिन्न मान्छेबाट विभिन्न अनुभूतिहरू हासिल गर्न सकिएन भने यात्रा गरेको के मजा भयो र ! मैले त्यहाँ तीन देशका तीन भाषा-भाषीबाट तीनवटा अविस्मरणीय अनुभवहरू हासिल गर्न पाएँ । कसैसँग हँसीखुसी गरें, कसैसँग देशको वर्तमान परिस्थिति बारे परिचित भएर गम्भीर भएँ त कसैसँग झगडा पनि गरेर आफ्नो दमित र कुण्ठित मनोग्रन्थीलाई खुकुलो पारें । यसरी नै सकियो– मेरो त्यो बसयात्रा ।

दार्सिङवास, गुल्मी

विवाह पुरुषको निम्ति एक समाप्ति हो, नारीको निम्ति आरम्भ ।

–ए. ड्युप्नी

On The Auspicious Occasion of

His Majesty King

46th Birthday

We Humbly Offer Our Loyal Felicitations

YANGRIMA TOURS & TRAVELS PVT. LTD.

POST BOX NO. 2951

KANTIPATH, KATHMANDU, NEPAL

CABLE: YANGRIMA TEL. 225608, 226262

TELEX: 2474

कस्ता अनुहार, कस्तो चमत्कार !

–यदुपन्थ

बन्दुकको नालबाट निस्केको
तातो गोलीलाई
जंगली चित्कारको दप्काले
आफूतिरै फर्किएको देख्दा
शिकारी, आजकल कुना पसेको छ ।

एक बोतल रक्सी र दुईचोक्टा पाडोको मासु बेच्न
प्रतीक्षारत भट्टीवाल्नी
पञ्चहरूको भागाभागमा
आफ्नो भाग्यलाई धिक्कारेकी छ ।

जग नहालेर बनाइएको– कच्ची माटोको घर
एक धक्का बतासले पल्टाउँदा
'कर्मी' अर्धपागल बनिरहेको छ ।

मुखमा लागेको नकाप च्यातिएर
वास्तविक रूप देखाउनुपर्दा
नाटकको नायक
नायिका फसाउन असफल भएको छ ।

नाभीको कस्तुरी-गन्ध
चंखेहरूले थाहा पाएपछि
पम्फादेवी
फेरी सन्जु बनेर
चोखिने प्रयास गर्दछ ।

रामापुर, रूपन्देही

बोझः एउटा जिन्दगी

–कैलाश भण्डारी

यहाँ कोही मेरो लागि काँडा भयो
झिकेर फालुँ भने पनि गाह्रो भयो
मुटुमा राखि छोडूँ भने पनि कष्ट भयो
काँडा संगै फूल फुल्छ भनेको पनि झूठो भयो ।

तिमी विषालु भएपछि जीवनै अँध्यारो भयो
दैव यो के विधिको विडम्बना भयो !
जीवन नून मसला विनाको खाना भयो
कहाँ बसौं, कहाँ जाऔं, पीडा कष्ट धेरै भयो ।

पशुपति, पाचाटोल

'बिधारानी'

–सुरेश कशजु

गगनमुनि बादल त्यो
धर्तीमा नजानिदो को छ ?
मेरो छाती माथि टेक्छिन् उनी
उनको मुटुभित्र को छ ?

आँशुमा विलिन भै रून्छु
देउन मलाई सहारा
जिन्दगी मेरो ओरालो लाग्यो
भइँन कसैको प्यारा ।

बोट माथि फुल्दछ फूल
धर्ती माथि तिमी
फुलेर प्रिय गाँस्छु भन्थ्यौ
तर फर्केर ओझलाई छौ तिमी ।

चौतारा, सि.पा.जि.

कथा

रिहाई

—गोविन्द भण्डारी

थालीभरि, ढकियाभरि फूल, अक्षता र अबीर बोकेर मन्दिरको संघारमा निधार टेकाउने मान्छेहरूको भीड कहिल्यै पनि घटेन । भैरवको मन्दिर, काष्ठ-कलाका बेजोड नमूना, आँखी झ्यालहरू र टुंडालहरू । कला-संस्कृतिको शालीनतामा गम्म फुलेको प्यागोडा, माझिदै आकासिदै र चुलिदै दिव्य उज्यालो पोखेर मुस्कानहरूमा उभिएको गजूर ।

मन्दिरका झ्याल ढोका बन्द छन् । आस्थाको झ्यालबाट ईश्वरसित अङ्कमाल गरेर हजारौं भक्तहरूले पुण्य प्राप्ति गर्छन् । कुन्नि किन मान्छेहरूले ईश्वर र मान्छेको प्रत्यक्ष भेटघाटलाई अपराध माने, र ईश्वर जो सर्वशक्तिमान छ, उसैलाई बन्द कोठामा निर्वासित गरिदिए । त्यसपछि झन् झन् बन्दी ईश्वरको सम्मान बढ्न थाल्यो । सिक्रिमा बाँधिएको कुकूर आक्रामक हुने गर्छ, चिडियाखानाको बाघ रिसाहा हुने गर्छ, पराधीन मान्छे विद्रोही हुन्छ । यस्तो हुनु धर्तीका प्राणीहरूलाई मात्र होइन रहेछ । भैरवलाई पनि बन्दी भएपछि रगत मन पर्नथाल्यो र थुप्रै थुप्रै चौपाया र पंक्षीको रगतमा भैरव आहाल बस्नथाले । भैरवको मन्दिरका बन्द झ्याल ढोकाहरूमा बसेको अक्षता र अबीरको पत्रमा रगतले अर्को पत्र बनाउन थाल्यो । मन्दिरको पेटी रगतका पाप्राहरूले कट्कटिन थाल्यो । यी सबै कुरा जोडेर हिसाब निकालियो– भैरवको सम्मान अरू बढेको छ ।

\+ \+ \+

"आजकल यी केटाहरू चाहिने नचाहिने कुरा गर्छन्, हुँदा हुँदा अब त भैरवको मन्दिरको ढोका खोलेर पूजा गर्ने व्यवस्था गर्नुपर्न्यो भन्छन् । अहिले भर्खरै मन्दिरको ढोका खोल्ने हो भने भैरवको प्रतापले मान्छे डराएर मर्न पनि सक्छन् । कहिले न कहिलेदेखि यही कारणले बन्द भएको मन्दिरको ढोका अब हामीले कसरी खोल्न सक्छौं ?" गाउँका पुराना पुस्ताका लगभग सबै सदस्यले यसै विषयमा चिन्ता गरे र छलफल गर्न थाले– कसरी यी केटाहरूलाई मन्दिरको ढोका खोल्नुहुन्न भन्ने कुरा बुझाउने ? अन्तमा पुरानो पुस्ताले आफ्नो हठ छोडेन, युवा पुस्ताले पनि आक्रमण गरेन । फलतः भैरवको कैदी जिन्दगीको म्याद थप भयो ।

\+ \+ \+

भैरवको गजूरको ज्योति दिनहूँ विस्तारित हुँदै थियो । श्रद्धालुहरूको भीड दिनहुँ बढ्दै थियो । र भैरवको महिमा दिनहुँ उज्यालिदै थियो अब त भक्तहरू मात्र बढेनन् भक्तका प्रकारहरू पनि बढे । कोही खाली खुट्टाले हिंडेर कैदी भैरवको दर्शनबाट पुण्य कमाउँदै रहे । कोही ठूलो आयोजना गरेर अघिपछि आसेपासेहरूलाई बोका, भाले डोन्याउन लगाएर

महँगो खाले पुण्य बटुल्दै रहे। कोही टाढाटाढाबाट आफ्नै मोटरमा आए र एकमुष्ट दक्षिणा कैदी भैरवका नाममा छोडेर श्रद्धा व्यक्त गर्दैरहे।

\+ + +

सम्पूर्ण नित्यकर्म सकेर भैरव मन्दिरका पुजारी मन्दिर अगाडिको पिपलको छायामा केहीबेर सुस्ताए। गएको रात भजन, कीर्तनमा अलि बढी चाखका साथ बितेको हुनाले पुजारी स्याँलमा भुसुक्कै निदाए। एकछिनपछि निकै ठूलो आवाज हुन्हुनाउँदै उनीसम्म आयो। आश्चर्यमा परेर पुजारी निद्राबाट उठे। झन् झन् बढ्दै आवाज रूखका जरा-जरा थर्काउने गरी आयो। सशंकित भएर चारैतिर हेर्दहिँदै पुजारीले आफ्नै टाउका माथिल्तिर आउँदै गरेको यौटा हेलिकोप्टर देखे। हेलिकोप्टर भैरव मन्दिर अगाडिको सम्म बारीमा टक्रस बस्यो। उसका पखेटा फट्फटाउन बन्द नहुँदै यानबाट हिमाल झैं सुन्दर मानव आकृति ओर्ल्यो, उसको पछि पछि जङ्गी पोशाकमा यौटा खाइलाग्दो मान्छे पनि ओर्ल्यो। चश्मा भित्रका उज्याला आँखाहरूलाई सर्वत्र नचाउँदै हात्तीका झैं शालीन पाइलामा लम्केर त्यो आकृति मन्दिरतिर बढ्यो। पुजारीको मन-मस्तिष्क एकाएक हावामा कावा खान थाल्यो उसले सोच्यो– 'अब दुःखका दिन गए।' जब ती भव्य मान्छे उसको नजिकै आए। अनि पुजारीले तलदेखि माथिसम्म नियालेर अनुमान गरे– यी मामुली मान्छे होइनन्। सानो सौभाग्यले यो दर्शन प्राप्त हुन्न। ती असाधारण मान्छे मन्दिरको ढोकासम्म आइपुग्दा पुजारीले सर्लम्मै पसारिएर 'दर्शन' गरे। दर्शन सकेर उठेछि पनि पुजारीका हात ठ्याप्पै जोडिएको जोडियै भए।

– तिमी को हौ ? रोविलो आवाजमा ठूलो मान्छेले सोधे।

– म यही मन्दिरको पुजारी हूँ प्रभु !

– तिमी कहिलेदेखि छौ यहाँ ?

– पन्ध्र वर्षदेखि।

– अझै कतिसम्म बस्ने विचार छ ?

– जबसम्म देह-लीला समाप्त हुन्न।

– कति पुरानो हो मन्दिर ?

– तिथिमिति त भन्न सक्तिन मेरो बराजुको पालामा पनि यो मन्दिर यस्तै नै थियो रे। वहाँ पनि यहाँको पुजारी हुनुहुन्थ्यो रे।

– मन्दिरका भित्ताहरूबाट रंग उप्केको छ, काठका बुट्टाहरूमा पानी परेर बिग्रेको छ। यो सम्पूर्ण कालिगढीमा हेर– कसरी धमिरा लाग्दैछ ? गाउँलेहरूले यसको जीर्णोद्धार गर्न खोज्दैनन् ?

– खै गाउँलेहरू श्रमदान गर्न त सक्छन् तर यो मन्दिरको चोला नै फिर्ने गरी मर्मत गर्न सक्ने हैसियत त उनीहरूमा छैन।

– यो मन्दिरको ढोका कहिल्यै खुल्दैन भन्ने साँचो हो?

– साँचो हो प्रभु !

– कहिलेदेखि बन्द छ यसको ढोका ?

– खै, गाउँका पुराना पुराना मान्छेहरूलाई पनि यसको ढोका खुलेको त सम्झना छैन।

ती खाइलाग्दा मान्छेले बडो ठाँटले टाउको हल्लाए। अनि पुजारीलाई लिएर मन्दिरको चारैतिर घुमे। निकै चिन्ता लिएर मन्दिरको जीर्णोद्धार आफैले गरिदिने आश्वासन समेत दिएर फर्कने सुरसार गर्नथाले। त्यसै बीचमा यौटा सन्जोग निकालेर पुजारीले धनुष्टंकारी मुद्रामा हात जोड्दै जाहेरी गरे– मेरो ठूलो सौभाग्यले आज यहाँको दर्शन गर्न पाएँ। यो कुरा

सुनेर साराका सारा गाउँलेहरू आज हर्षले नाच्नेछन् । ती गाउँलेहरूका अगाडि मैले यहाँको परिचय कसरी राखुँ ? प्रभु ! यस्तो विकट ठाउँमा कहाँबाट यहाँको सवारी भयो होला ?

पछि यो सबै कुरा तिमी आफैं थाहा पाउने छौ । फर्कने बेलामा ती असाधारण मान्छेले पुजारीको अञ्जुलीमा नोटको स–सानो गड्डी थमाइदिए र काँधमा हात राखेर उर्दी सुनाए– "ल यो मन्दिरको सानो तिनो सफाइको काम गनूँ र बाँकी तिमी आफैं खर्च गनूँ ।"

फेरि हेलिकोप्टरका पखेटा फट्फटाउन थाले र ती 'महामानव' आकाशमार्गमा हराउन थाले । यता पुजारीका मस्तिष्कमा पुराणमा आइरहने देवदूतका प्रसंगहरू झलमलाउन थाले । अस्ताउँदै गरेको हेलिकोप्टरलाई कालो बिन्दुमा परिणत नहुन्जेल उनले आँखा झिम्म नगरेरै हेरिरहे । अञ्जुलीभरि देवदूतको आशीर्वाद थियो आफ्नो आसनमा गएर सबभन्दा पहिले उनले आशीर्वादको नापतौल गर्नथाले– एक... दुई...चालिस...पचास । पूरा पचासवटा नोट सय सय रुपियाँका । भुइँमा धर्सा कोरेर उनले हिसाब गरे– पाँच हजार ।

पुजारीको रूपमा पन्ध्र पन्ध्र वर्ष बिताउँदासम्म उनलाई घर सम्झने र जहान परिवार सम्झने अवसर कहिल्यै प्राप्त भएको थिएन । पटक पटक गाउँलेहरूसित वृत्तिको व्यवस्था गरियोस् भनेर भेला बोलाउने गरेका पुजारीले अन्तिम अन्तिममा आइपुग्दा यो सबै झमेला छोडेर गण्डकीको तीरमा शेष जीवन बिताउने योजना बुन्दै थिए । अब त्यो बुनाई भङ्ग भयो । मनमनै उनले अर्को योजना बनाए– यत्तिका वर्ष सेवा गरेको यो गाउँकै तीर्थ छोडेर अन्यत्र जानुभन्दा अब सम्पूर्ण बुढौति मन्दिरकै आँगनमा भजन कीर्तन गरेर बिताउनु बेस ।

\+ + +

हेलिकोप्टरको आवाज सुनेर रमिता हेर्न मन्दिरको उकालो चढ्दै गरेका थुप्रै गाउँलेहरू हेलिकोप्टर उडेको केही बेरमा मात्र मन्दिर अगाडिको आँगनमा जम्मा भए । पुजारीले गाउँलेका अगाडि असाध्यै मीठो मुखले बयान गरे । गाउँकै जुनी फेरिने ठोकुवा गरे । अझै मीठो र आशावादी मुद्रामा उनले गाउँमा आफू नै सबैभन्दा भाग्यमानी भएको फैसला गरे ।

कहिले आउला मन्दिरको जीर्णोद्धारका लागि देवदूतको सहयोग ?

बस् गाउँलेहरू आज पनि, भोलि पनि र थुप्रै थुप्रै भोलिहरूमा पनि यही प्रतीक्षा गर्दै रहे ।

शिशीर गयो, बसन्त गयो तैपनि हेलिकोप्टरको आवाज सुन्न तैनाथ गरिए थुप्रै थुप्रै कानहरू ।

\+ + +

गर्मीको याम थियो, औंसीको रातमा ताराहरू हाँसिरहेको आकाश थियो । झिस्मिसेमा बटुवाहरूले उत्तीसको स–सानो रूखमा बाँधिएको यौटा मान्छेलाई भेटे । तत्काल खैलाबैला भयो । गाउँलेहरू भेला भए । हतपत ती बाँधिएका मान्छेको मुखबाट पट्टी निकालियो र उनलाई रूखबाट छुटाएर पानी पिउन दिइयो । शुभचिन्तकहरूले उनको अंग अंगमा मुसारेर सहानुभूतिपूर्वक सम्बोधन गरे– 'पुजारी...बा...!'

यहींनेर अनिष्टका तमाम सम्भावनाहरू देखा परे । गाउँलेहरू हस्याङ फस्याङ गरेर मन्दिरमा पुगे, एकाएक गाउँलेहरूका आँखाबाट चमक निभ्यो भर्मनाक पराजय परे झैं सबैका शीर निहुरिए र सबैले एउटै मुद्रामा शोक मनाए– च्वः च्वः ।

कविता

चुनौती

–अमीर निशाचर

अहिले म चुपचाप
बसिरहेछु– बिना काम,
तर नठान, म लाटो छु ।

अहिले म एक्लो
घोरिरहेछु– तपस्यारत,
तर नठान, मेरा मित्रहरू कोही छैनन् ।

अहिले म निर्वस्त्र
उभिइरहेछु– लाचारवश,
तर नठान, म सधैंभरी नांगै रहन्छु ।

अहिले म निशस्त्र
घुमिरहेछु– निरुद्देश्य,
तर नठान, मसँग कुनै शस्त्र नै छैन ।

अहिले म बिन काम
भौंतारिरहेछु– अनवरत,
तर नठान, म कुनै काम गर्न सक्तिन ।

(पशुपति, देवपत्तन)

"आउ अब प्रण गरौं"

–रतन थापा

आउ अब प्रण गरौं
हे ! मातृभूमिका कर्म योद्धाहरू हो...
फासिष्ट, दमनकारी चित्रणको
रंगरोगनलाई मेटाउन ।
आउ मिलीजुली पसिना बगाउँ
संघर्षको मैदानमा जुटेर
चलाउँ अघि प्रजातन्त्रको नारा ..
तानाशाहको पखाँलै फोर्न गरेर ।
लाग संघर्षको दौरानमा
ज्वालामुखीको रूप लिदै
त्याग ती दुई, चार थोपा रगत ..
आफ्नै प्रजातन्त्रको उदयलाई सम्झिदै ।
हे ! नेपाली वीर सपूत हो
एउटै बन्धनमा बाँधिन सकौं
राष्ट्रको भलाईमा समर्पित हुन
आउ अब एउटा प्रण गरौं ।

(बुटवल–८, रूपन्देही)

श्री ५ महाराजाधिराज सरकारको

४६ औं शुभ–जन्मोत्सवको पुनीत उपलक्ष्यमा

मौसूफको गाथमा सुस्वास्थ्य, समृद्धि एवं चिरायुको कामना टक्न्याउँछौं ।

शाही औषधि लिमिटेड

पुस्तक-परिचय

कृति:– सरीता (खण्डकाव्य)
कवि:– डिल्लीराज अर्याल
संस्करण:– प्रथम २०४५
प्रकाशक:– स्वयं
मूल्य:– ५।–

'भो चाहन्न म सुराङ्गना अमरको ऐश्वर्य चाहन्न म...
...मेरो निम्ति छ ब्रह्मलोक अथवा कैलास नेपाल यै ।'

यो उद्गार हो कवि डिल्लीराज अर्यालको ।

सरीता खण्डकाव्य छन्दोबद्ध रूपमा सरीता झैं बगेर हाम्रो सामु देखा परेको छ ।

"साहित्य फाँटमा वर्षौं हिंडें, शिक्षा फाँटमा वर्षौं घुमें, कृषि फाँटमा वर्षौं खेलें" जस्ता वाक्यले कवि कति अनुभवी हुनुहुन्छ भन्ने कुरा प्रष्ट हुन्छ । ३.३० घण्टामा नै खण्डकाव्य लेखेर आफ्नो परिचय स्वयं दिनु भएको छ । कविता लेख्नु सानो कुरा हैन अनेकौं वर्षको अनुभव संगालेर निःसृत भएको छ– यो खण्डकाव्य । यसमा शिक्षाको कथा छः शिक्षकको व्यथा छ । त्यति मात्र हैन व्यंग्यात्मक रूपमा सामाजिक कुरीतिहरूलाई दर्शाइएको छ । शिक्षक न्याय खोज्छ अन्यायको विरोध गर्छ तर त्यसैको हालत गम्भीर छ । ऊ शासकवर्गको आँखाको कसिगर बन्छ । निर्दोष भए पनि उही ठहरिन्छ ।

'अवता अधिकांश शिक्षक ..
निमुखा गाउँघरका पढाइए' (३।९ मा)

यसरी यो खण्डकाव्यले शिक्षकको दुर्दशालाई औंल्याएको छ । खण्डकाव्यमा हुनुपर्ने सम्पूर्ण गुण यसमा नभए पनि नेपाली साहित्यमा थप योगदान पुगेको महसूस गर्नेछ ।

यसमा ४ अध्याय वा सर्ग छन् ३४ पृष्ठमा काव्य सिद्धिएको छ । पढ्दा सरीतासरी बग्ने यसको विशेषता नै हो ।

\+ \+ \+

कृति:– "घुयेंत्रोको जमाना छैन"
विधा:– कविता संग्रह
कवि:– डा० मथुरा के. सी.
संस्करण:– प्रथम २०४७ जेष्ठ
प्रकाशक:– दायित्व प्रकाशन
संकलनकर्ता:– तारा कार्की
पृष्ठ:– ३८ मूल्य:– ८।–

दायित्व प्रकाशनबाट प्रकाशित कवि डा० मथुरा के.सी.को दोस्रो कविता संग्रहको रूपमा क्रान्तिको आह्वान गर्दै जनसामु देखा परेको छ ।

वर्तमान जहिले पनि क्रान्तिकारी हुन्छ समय सापेक्षतामा । मानवतावादी कवि के.सी. आफ्ना कविताहरूद्वारा जनविरोधी शासकहरूलाई उखेल्न तम्सिनु हुन्छ । क्रान्तिका स्वर गुञ्जिएका छन् यहाँको कवितामा । यस कविता संग्रहमा केही कविताहरू पहिले विभिन्न पत्रिकामा देखा परिसकेका छन् केही नयाँ । समग्र कविता लयबद्ध नभै गद्यात्मक रूपमा छन्, जसले पाठकलाई पढ्दा गाह्रो पर्नसक्छ तर त्यसमा केही लिन्छु भन्ने भावना भएमा नपाइने केही छैन । कुनै कविता त स्वरमा गुनगुनाउन पनि सकिने खालका देखिन्छन् ।

"घुयेंत्रोको जमाना छैन" यो शीर्षकले नै हामीलाई वर्तमानतिर डोऱ्याउँछ, वर्तमानलाई हेर्न सिकाउँछ, भविष्यको गोरेटो कोर्न सिकाउँछ, परम्परामा रहेका विकृतिहरूलाई फाल्न सिकाउँछ, यस्तै यस्तै छ– यसको आशय नै ।

कवि धरणीधर कोइरालाले जनतालाई सरल भाषामा जगाएका थिए त्यस्तै कवि के.सी.का कविता पनि जनसाधारणले बुझ्ने खालका छन् "भो भो अब धेरै नसुत"को भावना जगाउँदै "क्रान्ति गर" भन्ने आह्वान गर्छन् उनले । पेशा भिन्न भएर साहित्यप्रति रूचि मात्र हैन त्यसै चुर्लुम्म डुब्न खोज्ने मानिस विरलै पाइन्छन् । त्यसभन्दा पनि माथि उठी स्वयं सिर्जनाशक्ति बोकेर हिंड्ने कवि के.सी. नेपाली साहित्यको लागि गौरव भएको छ । –ठाकुर

कविता

पटाक्षेप इतिहास

–मुरारी पराजुली

घर यसै दुखेको थियो
देशको के कुरा
यो चर्चर्ती चिरिएको थियो
मुलुकका शिरा र धमनीहरूमा
बगेर भ्रष्टाचारका रगतहरू
अर्थोन्नति प्यारालाइज्ड भएको थियो
धोकाइन्थे काला फर्मूलाहरू
राष्ट्रको योगफल
दुई दुई जोड्दा तीन हुने गर्थ्यो
समानता थियो
न्याय र निसाफ थियो
'बिकास' अनन्त हुनुको सिद्धान्तले
देश प्रगतितिर लम्किरहेको थियो
समानताका परिभाषाहरू
विकृतिमा असमानता थिएन
मान्नेहरूलाई ऐन र कानून
नमान्नेलाई स्वस्ती त
न्याय र निसाफ अनुप्राणित थियो
बस् यौटा देश थियो
नेतृत्वको चरितार्थ
लूट, खसोट, कमिशन र तस्करीमा थियो
जनताभन्दा माथि चढेर
सरकार प्रजातन्त्रको दुहाई दिन्थ्यो
पुलिस त्यसै स्वतन्त्र
यस भन्दा माथि झन् मण्डलेतन्त्र थियो
यतिका बावजुद पनि
महावाणी होस् या
गा. स. स. हरूका धोकन्ते भाषण
देश अभूतपूर्व विकासतिर लम्किरहेको थियो ।

मणिग्राम, रूपन्देही

श्री ५ महाराजाधिराज सरकारको

४६ औं शुभ–जन्मोत्सवको सुखद उपलक्ष्यमा
मौसूफको गाथमा सुस्वास्थ्य, समृद्धि एवं
चिरायुको कामना टक्याउँछौं ।

–साझा प्रकाशन

कथा

बाबुको गाउँ – छोराको नाउँ

राम प्रसाद पन्त

आफ्नो एकलौटी छोराको प्रगति र उन्नति भएको देख्न नचाहने बाबु कसको होला ! छोराको अवनति-को प्रतिफलबाट आफ्नो उन्नतिको सोचाई राख्ने केही पितारूपी अभिशापहरू कतै नहोलान् भन्न पनि सकिन्न तर आफूलाई लाभांश नमिल्ने परिप्रेक्ष्यमा पनि छोराको अधोगतिको कामना गर्ने बाबुलाई त जन्मदाताको संज्ञा दिनुपनि किमार्थ उचित होओइन।

मेरा बाबुको म एकलौटी पुत्र हुँ । मेरा बाबु मलाई जत्ति माया गर्नुहुन्छ म पनि आफ्नाजनक प्रति त्यत्तिकै श्रद्धा राख्छु । तर मेरो प्रगति र उन्नतिमा उहाँ सन्तुष्ट हुनुहुन्न सधैं सशंकित र चिन्तित देखिनु-हुन्छ किन ?

मेरा बाबुले चारबीसे पाँच वसन्त देखिसक्नु भएको छ । आजभन्दा पैंतीस वर्ष पूर्व अर्थात् पचास वर्षको उमेरमा मलाई प्रथम पुत्रको रूपमा देख्न पाउँदा उहाँ कति हर्षविभोर हुनुभए होला ? छोराको सुयशको लागि के के सोच्नुभएन होला ! अकल्पनीय कुरा छ । उहाँले मलाई पालन पोषण गर्नुभयो, हुर्काउनुभयो, अति उपदेश दिनुभयो । जतिसुकै दुःख खपेर भएपनि पढ्न पठाउनुभयो, पारीका पण्डितले झैं चौकामा बसेर कथा बाँचे र पात्रो हेर्ने कल्पना गर्नुभयो, अनि हिसाब गर्नसक्ने र तमसुक लेख्न जान्ने अन्तर्मनशाय राख्नुभयो ।

बाबुको भित्रि इच्छया मैले केही अंशमा पूरा गरें– उहाँ प्रशन्न हुनुभयो । 'आजको जमानामा यति गरेर मात्र पुग्दैन बुबा ! मैले घरको काम सघाएर पनि मास्टरी गर्छु ।' बुबाले अस्वीकृति जनाउनु भएन– 'हुन्छ छोरा तेरो मान इज्जत अरू बढ्छ भने.....।' केही महीना मैले मास्टरी गरें । मलाई त्यतिले मात्र सन्तोष भएन र बुबासँग सल्लाह गरें– 'मास्टरी भनेको दुखिया र असुरक्षित पेशा हो । बैंकमा दर्खास्त खुलेको छ भन्ने थाहा पाएको छु त्यसको जाँच पनि नजिकै छ रे, म शहर गै फारम गर्छु र केही दिन मिहिनेतसाथ पढेर जाँच दिएरै आउँछु ।' बुबाले भन्नुभयो– 'कुरा त ठिकै हो तर तँ गएपछि यहाँ बाहिरफेर हेरविचार गर्ने कोही पनि हुँदैन, फेरि त्यो जागीर यही गाउँकै लागि हो कि बाहिरको लागि ? बाहिरको लागि हो भने त कसरी सकिन्छ र बा...घर धान्न ! तेरी आमालाई घर भित्रकै कामले ठिक हुन्छ, मलाई गाईवस्तु डुलाउन पनि मुश्किल पर्छ, एउटी बुहारीले घाँसपानी गरोस् कि खेतीपाति हेरोस् !'

'त्यो त ठिकै छ बुबा, अहिले त जाँच दिने मात्र हो, हुने नहुने र भए कहाँ हुने इत्यादि कुराहरू त

पछि थाहा पाइने कुरा हुन्, जाँच त दिई हेरौं– अरू भाग्यको कुरा ।'

मैले जाँच दिएँ, लिखित र अन्तर्वार्ता दुवैमा पास पनि भएँ, तर पदस्थापन गाउँको बैंकमा हुन सकेन । बैंकको स्थायी जागीर छोड्न पनि मुश्किल भयो । पछि सरूवा गराउने विश्वास बाबु आमालाई दिलाएर मैले शहरको एउटा बैंकमा जागीर खानथालें । त्यस-वेला मेरा बाबु पचहत्तर वर्षको हुनुहुन्थ्यो । जागीर खाने ठाउँ करिब चारघण्टाको दूरीमा पर्ने भएकोले दैनिक आवत जावत गर्न असम्भव थियो । त्यसकारण म हप्तामा एकचोटी घर पुग्थें र त्यहाँको वस्तुस्थिति अवगत गर्थें– बाबु आमालाई सन्तोष दिलाउँथें । बुबा भन्नुहुन्थ्यो– 'चाँडोगरी यतै सरूवा मिलाउ वा ...' सरूवा मिल्दैन भने वरू छोडीदिए पनि हुन्छ । त्यस्तो जागीर हामीलाई खान परेको छैन । जागीर खाएर हामीलाई केही फाइदा छैन । खेतीपाति कति नोक्सान भैसक्यो ? काम गराउने मान्छे पनि पाइँ-दैनन् । यहाँ बसेर खेताला कज्याई दिए मात्र पनि कति काम हुन्थ्यो ।'

बुबाको कुरा सोह्रै आना सत्य थियो– आर्थिक दृष्टिले हेर्दा । मैले घर छाडेपछि अधिकांश जग्गाको भूस्वामीत्व अस्थायी रूपमा अर्कैलाई प्रदान गरिएको थियो । पहिलेको तुलनामा माटोको उर्वर क्षमता निकै घट्दै गैरहेको थियो । तैपनि मैले सत्यथगामी धर्मपरायण बाबुलाई असत्य कुरा गरेर छक्काएँ र विश्वास दिलाएँ– 'सरूवाको कुरा चलिरहेको छ, खै... कहिले हुने हो कुन्नि ?'

तर मेरो सर्धैको यथास्थितिलाई देखेर बुबा चिंतित हुनुहुन्थ्यो र भन्न लाग्नुहुन्थ्यो– 'के यस्तै जागीर खाएर निर्वाह चल्ला र! आखिर घर त चाहिएला नि ! घर-बार बिगारेर के गर्ने ! कतै शहरतिरै बस्ने रहर त गरेको छैनस् ? हाम्रो यो अवस्था छ– मर्ने वेलामा हामी त घर छाडेर कहीं जाने छैनौं । तैले पनि यति दुःख गरेर जोडेको सम्पत्तिलाई बेचेर यताउता गरा-उन हुनेछैन । यदि त्यसो गरिस् भने हाम्रो सराप लाग्नेछ । यहाँ हामीलाई के कुराको कमी छ भनत ! आँगनमुनी घाँस दाउरो र पानी, पायक परेको र केही होओइन भन्न नपर्ने जग्गा जमिन, छेवैको मोटर बाटो, त्यहीं परको कुटपीस गर्ने मेशीन, यहीं नजिकैको नून-तेल र कपडा बजार, यस्तो शुद्ध हावा पानी, कहाँ पाइन्छ बाबु भन त यस्तो ठाउँ ? स्वर्ग छ कि छैन यहाँ बस्नको लागि ?'

यसै प्रसंगलाई अगाडि बढाउँदै बुबा भन्ने गर्नु-हुन्थ्यो– 'पेन्सन त पाक्छ हैन !' पाक्छ बुबा ! 'पेन्सन पाकेपछि त पक्कै आउँछस् होइन त ?' पक्कै आउँछु बुबा ! 'खै तँ घर आएर बसेको देख्न पो पाइने हो होइन !' पाइन्छ बुबा अवश्य पाइन्छ ।

हो– आफ्नो जन्मभूमिको आत्मीय प्रेमले ओतप्रोत मेरा बाबुको भनाई एकरत्ति पनि बनावटी थिएन । किनकि कहिलेकाहीं मैले बुबालाई शहर घुमाउन लैजान्थें तर उहाँ चार दिन पनि टिक्न सक्नुहुन्नथ्यो । बोली पिच्छे गाउँकै कुरा उठाउनु हुन्थ्यो । सिनेमा नाटक देखाएर मनोरन्जन गराउन खोज्दा पनि उहाँ भुलिन सक्नु हुन्नथ्यो । तर उहाँको मात्र जन्मभूमि प्रति अगाध माया भएर के गर्ने ! मेरो आन्तरिक इच्छया पनि त्यसै अनुकूल भए पो... ! ठाउँमा बसे पछि हरेक कुरा देख्न सुन्न र सिक्न पाइन्छ, प्राईभेट रूपमा भएपनि पढ्न पाइन्छ, विज्ञापन खुल्दा माथिल्लो

पदमा जाँच दिन पाइन्छ, अलिकति पैसा जम्मा गर्न सके एकटुका घडेरी किन्ने बन्दोबस्त गरौंला– यही त हो एक मध्यम वर्गीय शिक्षित परिवारको सबभन्दा ठूलो उपलब्धी ।

\+ \+ \+

यसैगरी पर्त्ते नपाइकन मेरा दश वर्ष वितिसके छन् । अहिले मेरा पिता सजिलै उठ्न पनि सक्नुहुन्न, मेरी आमा मुश्किलले भित्रको काम गर्नुहुन्छ । घरबारी छाडेर बाँकी जग्गा जमिन अरूलाई कमाउन दिएको छु । काम गर्ने मान्छेको कहिल्यै टिकाउ हुँदैन । एउटी श्रीमतीले मात्र कताकता भ्याम्रोस् !

यता मैले आफ्ना पूर्व कल्पनालाई लगभग पूरा गरिसकेको थिएँ– अर्थात् बैंकको ऋण र आम्दानी मिलाएर भए पनि एउटा घडेरी किनेको थिएँ । प्राई-भेटै भएपनि स्नातकोत्तर पूरा गरेको थिएँ । प्रतिस्प-र्धामा फालिदा फालिदा हालसालै बल्लतल्ल शाखा अधिकृत पनि पास गरेको थिएँ, तर बाबु आमालाई सुनाउन जान भने पाएको थिइँन ।

एकदिन म हर्षोल्लासपूर्ण वातावरणमा घर पुगेर आफू शाखा अधिकृत भएको कुरा सुनाएँ । खुशी हुनुको सट्टा मेरा बुबा केही गम्भीर हुनुभयो र प्रश्न गर्नुभयो– 'अफिस त्यही हुन्छ कि अर्को ?'

'अर्को हुन्छ बुबा' ।

'जागीर जोडिन्छ कि जोडिदैन त ?'

बुबाले सोध्नुको मनशाय मैले बुझें र कुरा चराएर सरासर झूट बोलें– त्यसको अहिले खास निर्णय भएको छैन, पहिले जोडिन्थ्यो– पछि नजोडिने भयो, अब के हुन्छ थाहा छैन ।

मेरा बुबा ज्यादै निराश भएर भन्नुभयो– 'तँ यहाँ बसेर घरको देखभाल गरेको देख्न पाइन्छ कि भनेको खै... देख्न नपाइने भो । पचासी भै हालियो, पन्चा-नब्बेसम्म बाँचियो भने त देख्न पाइएला कि भन्ने थियो, सय नाघुला भन्ने त आश पनि छैन ।' बुबा पछुताउन थाल्नुभयो– 'यति दुःख गरेर बन्दोबस्त मिलाएको जग्गा जमिन त्यसै खेर जाने भो, अब त तँ घरमा बस्लास् भन्ने आश पनि मरेर गैसक्यो । तँ नबसेपछि यतिका सम्पत्ति त्यसै छाड्ने छैनस्, बेचेर हिड्ने त होलास् .. ! के गर्नु खै, आफ्नो मात्र माया भएर... !'

तैपनि मैले बुबालाई मन शान्तिको लागि थोरो आश्वासन दिएँ थिएँ– त्यसो होइन बुबा, म जहाँ गए पनि जति वर्ष जागीर खाएपनि तपाईको यो दुःखको आर्जनलाई बेचेर खानेछैन । तर मेरो मन भन्दैथियो– छेउ टुप्पा बेचेर अलिकति पैसा जम्मा गर्न पाए शहर-मा एउटा घरको जग मात्र भएपनि पुर्ने थिएँ ।

बलेटक्सार, गुल्मी

On The Auspicious Occasion of

His Majesty King

46th Birthday

We Humbly Offer Our Loyal Felicitation

DRUZBA (P.) LTD.

GSA SOVIET AIRLINES

TEL. No. 2-12397

Kantipath, Kathmandu

दुई मुक्तक

–पाण्डवराज कार्की

उता भने क ख जान्दैन
यता भने आइस्यो गइस्यो भन्छ राजधानी
आफ्नै बा आमालाई
ड्याडी ममी भन्छ राजधानी ।

१

कपाल झरे चार्यां परे
अस्पताल धाउनुपर्ने
मरी मरी डाक्टर साहेबले
विसेक पार्नुहुन्छ,
ठीक भएर कपाल लामो भए
फेरी, ब्यूटिपार्लर पस्नुपर्ने ।

२

मकवानपुर ।

-✱-

मुक्तक

–शान्ता गिरी "क्षितिज"

मान्छेहरू भन्छन्–
जिन्दगी हाँसो र खुशीको नदी हो !
अविरल अनवरत बगी रहनुपर्छ ।
तर जिन्दगी,
कतै भोक र प्यासले तड्पिएको छ
कतै चिन्ता र आशले बेरिएको छ
कतै अविश्वास र बेइमानीले जेलिएको छ
वास्तवमा जिन्दगी–
आफू आफैंसँग ठगिएको छ ।

(सिनामङ्गल)

बुझिनसक्नु छ !

इरानको खाजेस्तान प्रान्तकी 'मर्याम सहर्जादा' नामकी एक महिला हालसम्म १७० वर्षको जीवन स्वस्थता साथ बिताईरहेकी छन् । उनका पति ३० वर्ष अघि ११० वर्षको उमेरमा मरेका थिए । उनका २२० नाति नातिना छन् । उनले कान्छो छोरालाई ११४ वर्षमा जन्म दिएकी थिइन् ।

श्री ५ महाराजाधिराज

वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको

४६ औं शुभ–जन्मोत्सवको सुखद उपलक्ष्यमा

मौसूफको गाथमा सुस्वास्थ्य, समृद्धि एवं

चिरायुको कामना टक्याउँछौं ।

(आकर्षक तथा भरपर्दो छपाईको लागि सम्पर्क राख्नुहोस्)

मनासलु प्रेस

किलागल, काठमाडौं, नेपाल
फोन नं. २२४५१०

केरला (भारत)को वेथेहम हाइस्कूलमा पढ्ने दुवै हात नभएकी 'शान्ता' नाम गरेकी एउटी केटीले खुट्टाले लेखी परीक्षा दिएर अत्यधिक अङ्क प्राप्त गरी हाइस्कूलका दुईवटा उच्च छात्रवृत्ति प्राप्त गरेकी छन् ।

वैचारिक पृष्ठभूमिमा प्रश्रितका 'सांस्कृतिक निबन्धहरू'

–महेश रेग्मी

मोदनाथ 'प्रश्रित' नेपाली साहित्यको प्रगतिवादी साहित्यिक फाँटमा प्रतिभासम्पन्न सिद्धहस्त साहित्यिक कर्मी हुन् । यिनको लेखकीय वैशिष्टयता मार्क्सवादी चिन्तनको द्वन्दात्मक भौतिकवाद हो । मार्क्सवादी साहित्यको सामाजिक चिन्तनबाट आफ्ना लेखनलाई 'प्रश्रित' दर्शन, वैचारिक सचेतता, समाजशास्त्र र उत्पीडित वर्गीय चरित्रका उत्थानमा अभ्यस्त राख्दै आएका छन् । प्रश्रित साहित्यका क्षेत्रमा वैचारिक प्रतिबद्धताका कलमवीर जनवादी शिक्षक हुन् भने राजनीतिका क्षेत्रमा मार्क्सवादी-लेनिनवादी राजनीतिज्ञ हुन् । साहित्य र राजनीतिका क्षेत्रमा प्रश्रितमा मणिकाञ्चन योग रहेको छ । द्वन्दात्मक भौतिकवादको वैज्ञानिक दृष्टिकोणको परिपक्व मानसिकता भएका 'प्रश्रित' साहित्य र राजनीतिको क्षेत्रमा उत्तिकै प्रखर छन् ।

निरंकुश पञ्चायतीकालमा वामपन्थी राजनीतिको गतिविधिमा लागेवापत प्रतिक्रियावादी पञ्चायती शासकले कठोर यातनापूर्वक नेलसहित गोलघरको चिसा छिडिहरूमा अमानुषिक तरिकाबाट बन्दी बनाएको थियो । यिनी भूमिगत जीवन र जेल जीवनसहित करिब २० वर्षसम्म बन्दी जीवन बिताए । बन्दी जीवनको लामो समयसम्म रहेर पनि जनताका पक्षमा आफ्ना कलमलाई समेट्दै आए । कतिपय कृतिहरू यिनका जेलजीवनकै उपज हुन् ।

मोदनाथ 'प्रश्रित'को जन्म वि. सं. १९९९ आषाढ ६ मा लुम्बिनी अञ्चलको अर्घाखाँची जिल्ला अन्तर्गत खिदिम हर्राबोटमा भएको हो । सानै उमेरमा गुरुको सत्संगले आध्यात्मिक प्रभाव छोडेपनि पछि क्रमशः वैचारिक परिपक्वतामा मार्क्सवादी साहित्यमा प्रतिबद्ध देखिन्छन् । बाल्यकालबाटै बनारसको सहवास भएकोले बनारसबाटै संस्कृतमा आचार्य गरिसकेपछि नेपालीमा एम. ए. गरे । साहित्यका विविध विधा लगायत साहित्येत्तर विषय चित्रकलामा पनि निपुण देखिन्छन् ।

चौबिस वर्षको कलिलो उमेरमा 'मानव' महाकाव्य जस्तो कृति लेखेर वि. सं. २०२३ सालको मदन पुरस्कारबाट सम्मानित भए । यिनले फुटकर रूपमा कविताहरू वि. सं. २०१५ सालबाटै प्रकाशित गर्न थालेको देखिन्छ । पछि आएर वि. सं. २०१९ सालमा "आमाको आँसु" कवितासंग्रह लिएर झुल्किन्छन् । त्यही समयदेखि उनी निरन्तर साहित्यिक साधनामा लागेको देखिन्छ । कैयन फुटकर रचनाहरू पत्र–पत्रिकामा प्रकाशित भएका छन् भने प्रकाशित कृतिहरू डेढ दर्जन भन्दा बढी रहेका छन् । यहाँ

राजनीतिक मोदनाथलाई भन्दा साहित्यिक मोदनाथको चियो चर्चा गरिने जमर्को गरिएकोले साहित्यिक मोदनाथलाई अघि सारिएको छ ।

यिनका प्रकाशित कृतिहरूमा काव्यतर्फ लघुकाव्य देखि महाकाव्यसम्म रहेको देखिन्छ । **लघुकाव्यहरूमा–** आमाको आँसु (२०१६), बुवा खै ? (शोककाव्य २०४०), गोलघरको सन्देश (लघुकाव्य २०४०), शहीदको रगत (कविता संग्रह २०४१) छन् **बृहत-काव्यहरूमा–** 'मानव' (महाकाव्य २०२३) देवासुर संग्राम (ऐतिहासिक काव्य २०३१), **नाटकतर्फ–** आमाको काखमा (२०३३) पचास रुपैयाँको तमसुक (२०४७), **समाजशास्त्र तर्फ–** नारी बन्धन र मुक्ति (२०३२) भूतप्रेतको कथा (२०४०) नानीहरूलाई कसरी असल बनाउने ? आस्था र प्रथा एक विवेचना केही सांस्कृतिक निबन्धहरू, **उपन्यास तर्फ–** देशभक्त लक्ष्मीदाई (२०३०), **जीवशास्त्र–** जिवाणुदेखि मानवसम्म, **संस्मरण तर्फ–** अतितका पाईलाहरू, एक जोडा लेखहरू, **महिला सम्बन्धी लेखतर्फ–** हिन्दू धर्म र नारी **समालोचना तर्फ–** वैचारिक विकासको सन्दर्भमा लक्ष्मी प्रसाद देवकोटा जस्ता उल्लेखनीय कृतिहरू छन् । उपरोक्त कृतिहरू मध्ये "केही सांस्कृतिक निबन्धहरू" माथि मेरा मषिङ्गलले सानो चर्चा गर्ने प्रयास बढाएको छ । केही सांस्कृतिक निबन्धहरू भित्र जम्मा जम्मी १६ वटा निबन्धहरू विभिन्न पत्र–पत्रिकामा प्रकाशित भैसकेका छन् । निबन्ध समयावधिका हिसाबले ताजा नभए पनि यसले अर्थ्याएका पक्षहरू आजको वर्तमान सन्दर्भका लागि मार्गदर्शक देखिन्छ । संकलित रूपमा पुस्तकको स्वरूप भने नयाँ देखिन्छ ।

प्रश्रितका निबन्धात्मक उर्जा वैचारिक सचेतताको पृष्ठभूमिमा उनिएका छन् । जीवनवादी दृष्टिकोण बोकेका 'प्रश्रित' निबन्धगत संरचना– वैज्ञानिक मान्यताको सूत्रधार– चिरशाश्वत तर्क, द्वन्दात्मक विश्लेषण– सामाजिक कार्यशैली, व्यक्ति चरित्र, संस्कार शुद्धि, सामन्तवादी विकारहरू जस्ता पक्षहरू माथि निबन्धले व्यक्त्याएका बाटाहरू हुन् । "सांस्कृतिक निबन्धहरू" भित्रका निबन्धहरू समग्रतामा समाज, व्यक्ति, राष्ट्र राष्ट्रिय संस्कृतिको धारहरूलाई प्रबलरूपमा उद्घोष यस निबन्धले प्रेषित गर्न खोजेका आशयहरू अन्तर्निहित छ । देशका विसंगति, विकृति, उच्छृङ्खलता र विच्छृङ्खलता प्रवृत्ति, सामन्ती उत्पीडित, पूंजीवादी संस्कारबाट दमित प्रभावहरूका बारेमा निबन्धले वैचारिक दृष्टिकोण लिएको छ ।

त्यस्ता संस्कृति जसले मालिकले कामदार मजदूरलाई दास बनाएको छ । समाज पुरानै रूढिग्रस्त रेखांकनबाट उम्किन सकेको छैन । पुरानै संस्कार र परम्पराका अन्ध अवधारणाहरूले जनतामाथि पारेका भ्रम र अन्योलका वातावरणलाई यस निबन्धले तोड्न खोजेको देखिन्छ । पूंजीवादी छाडा अश्लील, संस्कृतिका प्रभावलाई मूलोच्छेदन गरी जनवादी संस्कृतिको निर्माणमा आजका पीढि एवं आउने पुर्खाहरूलाई बाटो देखाउन यिनका निबन्धले केन्द्रीय भूमिका सिर्जित सक्ने छ । पूंजीवादी सामन्ती प्रकरणका संस्कृतिबाट करोडौं मजदूर वर्गहरूको संस्कृति बलात्कृत भएको छ । समाजवादी यथार्थ चिन्तनमा संस्कृतिका पद्धतिहरू अधिकांश जनताहरूमा प्रतिनिधित्व गरेको हुन्छ । त्यस्ता संस्कृतिका प्रभावलाई बढाउन पश्चिमाविकृत संस्कृतिलाई नामेट तुल्याउनु-

पर्ने कुरा सांस्कृतिक पक्षको यथार्थ पक्ष हो। तसर्थ देशको संस्कृतिलाई मूर्तता दिन स्थूल प्रगतिवादी संस्कृतिको निर्माणमा यस निबन्धले बाटो देखाउन खोजेको छ।

सामन्तहरूको दासमनोवृत्तिबाट पिसिएको जनताका संस्कृति भन्दा सामन्तीको गन्हाएको सस्कृतिले समाजलाई रुग्ण रूपमा प्रतिस्थापित गरेको हुन्छ। त्यस्ता संस्कृतिले एउटा तथाकथित वर्गको स्वार्थको साधनलाई टेवा पुऱ्याएको हुन्छ। त्यस्ता संस्कृतिलाई परित्याग गरी समाज सुहाउँदो वैज्ञानिक संस्कृतिलाई जीवनशैली अनुरूप ढाल्न 'प्रश्रित'का निबन्धले जोड दिएको छ।

यस निबन्ध भित्रका निबन्धहरू मध्ये– विज्ञानको अध्ययन र वैज्ञानिक दृष्टिकोण, प्रगतिवादी सिद्धान्त सामाजिक व्यवहार, होस पुराएर बोलौं, आधुनिकता एक चर्चा, व्यक्तित्व र फेसन, सामाजिक परम्पराका उज्याला र अँध्यारा पक्षहरू, मिल्काउनुपर्ने केही साम्प्रदायिक अवशेषहरू, गालि: एक विवेचना, जस्ता निबन्धहरूले आजको भौतिकवादको बदलिदो प्रगतिवादी युगमा, वैज्ञानिक समाजवादको मार्गमा समाजलाई हिंडाउनको लागि वातावरण सिर्जेका छन्। आधुनिकताको नाममा आवरण उच्छृङ्खलता तडक–भडकले समाजलाई कस्तो रूपमा रूपान्तरित गरेको छ। समाजमा त्यस्तो प्रभाव कुन कुन पक्षमाथि रहेको छ जस्ता विचारबाट समाजको स्तर हेर्न खोजिएको हुन्छ। गाली गलौज जस्ता कुराहरूबाट मानिस मानिस बीचमा हुने अन्तर्द्वन्दले कस्तो परिणति हुन्छ भन्ने जस्ता आधारभूत तथ्यहरू माथि यस निबन्धले परिवर्तन चाहेको छ।

समाजमा विकारका रूपमा रहेका विकृतिहरू संस्कृति हुँदैनन्। जसले समाजलाई नकारात्मक प्रभाव पारेको हुन्छ। सस्कृति भनेको त बहुसंख्यक मानिसहरूलाई सुसंगठित गर्ने सुसंस्कृत गराउने आचार विचार हो। हाम्रा समाज यद्यपि अझै पुराना दासमनोवृत्तिबाट फाल हाल्न सकेको छैन। यस्ता कुराहरूलाई निश्चित दिशाबोध गराउन यस निबन्धले भौतिक जगतको दृष्टिगत दायरालाई वस्तुवादी व्यवहारवादी भएर राजनैतिक र सामाजिक परिवर्तनको सन्दर्भमा सकारात्मक उपलब्धी लिने छ। निचोडमा सांस्कृतिक निबन्धले सामन्तवादी जडसूत्रलाई मिल्काएर सुकिलो, समुन्नत संस्कृतिको विकासलाई वैचारिक महत्व दर्शाएको छ। 'प्रश्रित'का निबन्धले जनवादी संस्कृतिको पथप्रदर्शक गराउन हाम्रा पिढीहरूलाई सचेत तुल्याएको छ। वास्तविक रूपमा हेर्दा समाजलाई बाटो देखाउने बत्तीको रूपमा यिनको निबन्धले महत्व राख्ने छ र निबन्धका क्षेत्रमा यस निबन्धले उच्चता प्राप्त गर्नेछ।

तानसेन, मेहलधारा

श्री ५ महाराजाधिराज

वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको

४६ औं शुभ–जन्मोत्सवको सुखद उपलक्ष्यमा

मौसूफको गाथमा सुस्वास्थ्य, समृद्धि एवं

चिरायुको कामना टक्याउँछौं।

दुग्ध विकास संस्थान

काठमाडौं

लघु कथा

"पञ्चायती बैठक"

–'विरक्ति माइला'

"आजको यो सदनमा स्वास्थ्य मन्त्रालय माथि छलफल हुँदैछ । सो मन्त्रालय माथि छलफलमा बोल्न सर्लाहीकी माननीय सदस्य श्रीमती.....,कास्कीका माननीय सदस्य श्री.....,मनाङका माननीय सदस्य श्री... आदिले नाम लेखाउनु भएको छ ।" अध्यक्षले उद्घोषण गर्दै करीब १० जना जतिको नाम लिए । दर्शकदीर्घा खचाखच थियो ।

माननीय सदस्यहरूले बोल्ने क्रम शुरू भयो । सबैले आ–आफ्नो विचार व्यक्त गरे । प्रायः सबैले स्वास्थ्यको क्षेत्रमा गर्नुपर्ने कामका बारेमा कुरा उठाए ।

"अब पालो आएको छ सर्लाहीकी माननीय सदस्य श्रीमती...को ।" अध्यक्षको आदेश गुञ्जियो र सर्लाहीकी माननीय सदस्य श्रीमती... बोल्न थालिन्–

"देशमा स्वास्थ्यको क्षेत्र निकै गए गुज्रेको छ । अस्ती मेरो श्रीमान् जेलमा पर्दा विरामी हुनुभयो । उपचारार्थ अस्पताल लग्दा त्यहाँ डाक्टर थिएनन् । त्यसैले मेरो माग के छ भने म प्रशस्त छोराछोरी जन्माएर देशमा डाक्टर र नर्सको आपूर्ति गर्न चाहन्छु । सरकारले ममाथि विशेष दृष्टि राखी लगानी गरोस् ...।"

"नियमापत्ति...नियमापत्ति... यो सरासर परिवार नियोजन विरुद्ध भयो अध्यक्षज्यू ।" कास्कीका माननीय च्याँठिए ।

"तपाईको बोल्ने पालो नै नआइकन किन कराएको ? तपाईलाई निलम्बन गर्दिउँ ?" अध्यक्ष झन् च्याँठिए । नियमापत्ति उठाउने माननीय चुप लागेर बसे । दर्शकदीर्घा मौन थियो ।

सर्लाहीकी माननीयको बोल्ने क्रम सकिएपछि कास्कीका माननीयकै पालो आयो उनी बोल्न थाले–

"सर्लाहीकी माननीयको बिचारमा म यसकारण सहमत छैन कि अब सन्तान जन्माएर डाक्टर र नर्स आपूर्ति गर्ने योजना दीर्घकालीन हुनजान्छ । बरू मेरो नौ भाइ छोरा बाह्रवटी छोरीहरूमाथि लगानी गरेमा चाँडै नै डाक्टर र नर्सको आपूर्ति हुनसक्छ । त्यसैले उनीहरू सबैलाई सरकारले आफ्नै लगानीमा अमेरिकामा अध्ययन गर्न पठाओस् ।"

"तपाईको प्रस्तावमाथि सरकारले विचार गर्नेछ । अब पालो छ मनाङका माननीयज्यूको ।" अध्यक्षको आदेशमा मनाङका माननीय बोल्न थाले–

"मो ता धेरै कुरा जान्दैन । कास्कीका मानेनीयका कुरा मोलाई मान पुरेन । वारू मो के भन्छ मो सर्लाहीका मानेनीयसाँग मिलेर सन्तान जन्माएर डाक्डार र नारस आपूर्ति गर्न साधाउँछ ।"

दर्शकदीर्घामा हाँसो गुञ्जियो । त्यसै हाँसोबाट एउटा स्वर आयो– देशको सर्वोच्च विधायिका, जहाँ देशको भाग्य निर्माण हुन्छ, त्यहाँ पनि यत्रो ठट्टा ?"

अर्को स्वर आयो– "यो त पञ्चायती बैठक हो, जसको जन्मजात संस्कार नै यस्तै छ ।" ✶

मन्दिर आफ्नो शीरमा सहस्र ज्योति बोकेको गजूर लुटाएर क्षतविक्षत वेश्या झैं फर्याकिएको थियो र रोइरहेको थियो । युवाहरूले अनिष्टको अर्को गोरेटो कोट्याउन चाहे र पुरानो पुस्तासित अनुमति मागे– अब भैरव मन्दिरको ज्याल ढोका खोलिनुपर्छ । पुरानो पुस्ताले फेरि एकपटक जिब्रो टोक्यो र नयाँ पुस्तालाई मन्दिरको ज्यालढोका खोल्ने पापबाट बचाउन नीतिश्लोक भट्याउन थाल्यो । तर यस पटक नयाँ पुस्ताको तर्कले नीतिश्लोकलाई घच्चा लगाई दियो । मन्दिरको ढोका खोलिने भयो ।

ठूलो फलामे कुची काटेर केही युवाहरू भित्र पसे । ठस्स नमीठो गन्ध अटेसमटेस भएर निस्कन थाल्यो, त्यो गन्धभन्दा पनि नमीठो यथार्थले युवाहरूलाई र सम्पूर्ण गाउँलेहरूलाई गिज्याउन थाल्यो– बन्दी ठानिएका भैरब, थाहै थिएन कुन्नि कुनबेला जसको रिहाई भैसकेको थियो र थियो भैरवको आसनमा लहलहाउँदो च्याउको खेती ।

मणिग्राम, रूपन्देही

लघु कथा

'स्थिति'

–रमेशजी सजल

'बाबुजी !' करूण स्वरमा हात पसार्दै एउटा मागे म तर्फ संकेत गर्दछ ।

एकसुरमा हिंड्दै गरेको म टक्क रोकिन्छु र उसले केही मागेको अनुहारको भाव पढ्दछु ।

थाहा हुँदा हुँदै पनि सम्पूर्ण खोल्तीमा हात पुऱ्याउँदछु तर छन छन बज्ने पैसा मेरो खल्तीमा भेटिँदैन । म आफ्नो बाटो लाग्छु– केही असजिलो महसूस गरेर ।

माग्नेको अगाडि केही पैसा त छ ! तर मेरो साथमा खोई ?

म पुनः एक पटक उही माग्नेलाई फर्केर हेर्छु, ऊ मुसुमुसु हाँसिरहेको छ, एउटा उपेक्षापूर्ण हाँसो !...।

गेंडाकोट–१, नवलपरासी

On The Auspicious Occasion Of The Birthday Of

His Majesty The King

We Offer Our Warm Felicitation And Pray For

His Majesty's Long and Happy Life.

HIMALAYAN TRAVELS & TOURS (Pvt.) Ltd.

Durbar Marg
P.O Box 324
Kathmandu, Nepal.

Tel: 223045 (6 lines) 226011
Cable: HIMATRAVEL
Telex: 2273 HTT NP
Fax: 00977-1-224001

गजल

–युवराज नयाँघरे

आँसुको जीत हो यो सुखको यो हार हो
मनमा पीडा बोकेर हाँसो सजाउने यो व्यापार हो ।

केही उफानहरू, केही वेदना र दुखाईहरू
तैंपनि जिन्दगी चलाउनु यात्राको यो दफतार हो ।

उधारो मुस्कान सजाईदिए ओठभरि
सोधे कसैले के हो भनि, म भन्छु त्यो केवल बेकार हो ।

कोही गीत सुसेल्छन्, कोही आँसु पोख्दछन्
यो त उही बाँचिदिने बेकम्मा आधार हो ।

दुनियाँ भन्छ चैनको थुप्रो हो आफ्नो गुँड
तर म भन्छु कलह र अशान्तिको थलो परिवार हो ।

छोइ हेरे गुलाफलाई मुस्कानको भोगी म
सुम्पेकी मायाले यो माया नासो रूपी प्यार हो ।

झापा, दमक

मुक्तक

–आदित्य जोशी

भिजेका आँखा लिएर
ऐना सामू उभिदा
जब आफ्नै प्रतिबिम्बलाई
मुसुमुसु हाँसेको देख्छु
तब मलाई थाहा हुन्छ
म कति एक्लो छु !

थापाबली

श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको
४६ औं शुभ–जन्मोत्सवको सुखद उपलक्ष्यमा
मौसूफको गाथमा सुस्वास्थ्य, समृद्धि एवं
चिरायुको कामना टक्याउँछौं ।

टिम्बर कर्पोरेशन अफ नेपाल लि.

काठमाडौं

सार्क राष्ट्रः संक्षिप्त परिचय

क्र.सं.	देश	राजधानी	जनसंख्या	प्र.व्य. आय अमेरिकी डलर	राष्ट्रभाषा	धर्म	साक्षरता	क्षेत्रफल वर्गमीलमा
१.	नेपाल	काठमाडौं	१,८७,६०,०००	१६० ,, ,,	नेपाली	हिन्दु	२९%	५६,१३६
२.	पाकिस्तान	इस्लामाबाद	११,०३,५८,०००	३६० ,, ,,	उर्दू र अंग्रेजी	इस्लाम	२६%	३,१०,४०३
३.	बंगलादेश	ढाका	११,२७,५७,०००	११३ ,, ,,	बङ्गाली	इस्लाम	३३%	५५,५९८
४.	भारत	नयाँदिल्ली	८३,३४,२२,०००	२६० ,, ,,	अंग्रेजी लगायत १६ क्षेत्रीय भाषा	धर्म-निरपेक्ष	३६%	१२,६६,५९५
५.	भूटान	थिम्पू	१५,३८,०००	१२० ,, ,,	जोङखा	बौद्ध	१२%	१८,१४७
६.	माल्दिभ्स	माले	२,०२,०००	४७० ,, ,,	दिवेही	मुस्लिम	८२%	११५
७.	श्रीलङ्का	कोलम्बो	१,७५,४१,०००	३४० ,, ,,	सिहाली	बौद्ध	८७%	२५,३३२

स्रोतः वर्ल्ड एल्मनाक १९९०